



# नेपाल समाचारपत्र

नेपाली मनका नेपाली पत्रिका

NEPAL SAMACHARPATRA


नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» मंगलबार, साउन १०, २०७४ » Tuesday, July 25, 2017 » www.newsofnepal.com » नेसं ११३७ गुँला थ्व: २ » वर्ष २३, अंक १९६ » पृष्ठ १२ » मूल्य रू. १०/–

## डा. केसीद्वारा फेरि अनशन शुरू

काठमाडौं, (नेस)



सरकारले यसअघिका सहमति कार्यान्वयन नगरेको भन्दै डा. गोविन्द केसीले सोमबारबाट फेरि अनशन शुरू गर्नुभएको छ। डा. केसीको यो ११औं अनशन हो। यसअघि उहाँले गत कात्तिक २८ गतेदेखि २२ दिन लामो अनशन बस्नुभएको थियो।

यसअघि धेरैपटक अनशनमार्फत माग पूरा गर्न सरकारलाई अल्टिमेटम दिनुभएको थियो। आफ्नो अनशनलाई विभिन्न समयमा स्थगित गर्दै आउनुभएका केसीले सरकारसामु ७ बुँदे माग राख्नुभएको छ।

## नेपाली सुरक्षित

काठमाडौं, (नेस)

अफगानिस्तानमा सोमबार भएको कार बम विस्फोटनमा कोही पनि नेपाली नागरिक हताहतमा नपरेका सरकारले पुष्टि गरेको छ। सो घटनामा कोही पनि नेपाली नागरिक नपरेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# टर्‍यो खतराको सूची

ईश्वरराज ढकाल, काठमाडौं



यो वर्षको युनेस्कोको बैठकले काठमाडौं उपत्यकाको सम्पदालाई खतराको सूचीमा राखेन। २०७२ सालको शक्तिशाली भूकम्पले ध्वस्त हनुमानढोका दरबार क्षेत्रका सम्पदा पुनर्निर्माणमा ढिलाइ भएको भन्दै युनेस्कोले खतराको सूचीमा राख्ने तयारी गरेको थियो। तर नेपालले तत्काल खतराको सूचीमा नराख्न १ सय ६० राष्ट्रलाई 'कन्भिन्स' गरेपछि खतराको सूची टरेको हो।

३० जुनदेखि १२ जुलाईसम्म पोल्यान्डको क्राकोमा सम्पन्न वर्ल्ड हेरिटेज कमिटीको ४१औं बैठकले काठमाडौं उपत्यकालाई खतराको सूचीमा नराख्ने निर्णय गरेको हो। बैठकमा नेपालका तर्फबाट संस्कृति मन्त्रालयका सचिव शंकरप्रसाद अधिकारी, फ्रान्सका लागि नेपाली राजदूत एवं युनेस्कोका लागि आवासीय प्रतिनिधि अम्बिका मानन्धर लुइँटेल, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव, पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहाल र विभागका विश्वसम्पदा महाशाखाका प्रमुख सुरेशसुरज श्रेष्ठको टोली सहभागिता रहेको थियो।

बैठकमा नेपालका तर्फबाट बोल्दै विभागका महानिर्देशक दाहालले भूकम्पपछि नेपालको सम्पदा पुनर्निर्माण कार्य द्रुत गतिमा अघि बढेको तर नेपालको ठेक्कापट्टा प्रणाली र केही प्राविधिक कारणले ढिलाइ हुन गएको बताउनुभएको थियो।

उहाँले युनेस्कोको प्रावधानअनुसार पुनर्निर्माणलाई द्रुत गतिमा अघि बढाउने उल्लेख गरेपछि समितिले उपत्यकालाई खतराको सूचीमा नराखेको हो। बैठकमा नेपालका तर्फबाट बोल्ने वक्ताले नेपालको सम्पदा पुनर्निर्माण गर्न सल्लाह दिन युनेस्कोले सल्लाहकार समिति गठन गर्नुपर्ने र आवश्यकताअनुसार आर्थिक र प्राविधिक सहयोग गर्नुपर्ने बताएका थिए।

तर युनेस्कोले सल्लाहकार समिति बनाउने वा नबनाउने विषयमा कुनै निर्णय गरेको छैन। विभागले ५ वर्षे योजनाअनुसार पुनर्निर्माण गर्दै आएको बताइरहँदा बैठकमा अधिकांशले नेपालको प्रशंसा गरेका थिए। ध्वस्त भएका उपत्यकाका सम्पदामध्ये हनुमानढोका क्षेत्र निर्माण कार्यमा ढिलाइ भएको छ।

'बैठकमा हामीले नेपालको भूकम्पपछि र हालको प्रगतिको अवस्थाबारे जानकारी गराएपछि युनेस्को सचिवालयदेखि सबै सदस्य राष्ट्रले हाललाई खतराको सूचीमा नराख्ने जनाएका थिए।' -विभागका विश्व सम्पदा महाशाखाका प्रमुख श्रेष्ठले भन्नुभयो। 'अब हामी उपत्यकाको सम्पदालाई खतराको सूचीमा राख्न दिँदैनौं। त्यसका लागि आवश्यक सम्पूर्ण काम गर्नेछौं।' -उहाँको भनाइ थियो।

गत मार्चमा नेपाल आएको रिएक्टिभ मनिटरिङ मिसन टोलीले उपत्यकाका सम्पदालाई खतराको सूचीमा राख्न सकिने जनाएको थियो। सो मिसनले युनेस्कोको सचिवालयमा नेपालको सुस्त प्रगतिका बारेमा जानकारी दिएपछि नेपालले पुनर्निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाउने भन्दै सबै सदस्य राष्ट्रलाई 'कन्भिन्स' गराएपछि नेपाल खतराको सूचीमा नपर्ने भएको हो।

(क्रमश: पृष्ठ ९ मा)

क्षेत्र निर्धारण आयोग अलमलमा

## कार्यालयकै टुंगो छैन

सुनील महर्जन, काठमाडौं

निर्वाचन क्षेत्र निर्धारण आयोगलाई औपचारिकरूपमा काम थालनी गर्न अझै एक साता लाग्ने भएको छ।

आयोगका पदाधिकारीहरूले शपथ लिइसकेका भए पनि कार्यालय व्यवस्थापन नहुँदा औपचारिकरूपमा काम शुरू गर्न नसकेको हो। प्रदेशसभा र संघको प्रतिनिधिसभाको निर्वाचनका लागि क्षेत्र निर्धारण गर्न सरकारले गत बिहीबार सो आयोग गठन गरेको हो।

'अहिले औपचारिकरूपमा काम गर्न सक्ने वातावरण बनेको छैन। कार्यालय व्यवस्थापन हुन बाँकी छ। कर्मचारीको व्यवस्थापन भएको छैन।' -आयोगका सदस्य गणेश कार्कीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो। सरकारले आयोगलाई सिंहदबारस्थित पुनर्निर्माण प्राधिकरणको कार्यालय रहेको ठाउँमा कार्यालय उपलब्ध गराएको छ।

आयोगलाई प्रतिवेदन बुझाउन सरकारले २१ दिनको म्याद दिएको छ। के २१ दिनभित्रमा प्रतिवेदन बुझाउन सकिएला र? भन्ने *नेपाल समाचारपत्र*को जिज्ञाशामा सदस्य कार्कीले सक्दो पहल गर्ने बताउँदै भन्नुभयो- '२१ दिनको समय भनेको औपचारिकरूपमा काम थालेको दिनदेखि गणना हुन्छ। केही समयपछि औपचारिक रूपमा काम थालनी गर्नेछौं।'

(क्रमश: पृष्ठ ९ मा)




सामूहिक आत्महत्या प्रकरण

# कान्छीले लिएको जग्गा फिर्ता

मोतीराम तिमल्सिना, काभ्रे

सम्पत्तिकै कारण सामूहिक आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेपछि मृतक राजाराम दाहालको कान्छी श्रीमती पूजा दाहालले सम्बन्ध विच्छेद भएको ८ महिनापछि सोमबार जिल्ला मालपोत कार्यालयबाट जेठी श्रीमती कमला र उनका छोरा सुरजका नाममा जग्गा फिर्ता गरेकी छिन्।

उनकै कारण श्रीमान् राजाराम, ससुरा हरिभक्त, सासू हरिमाया र नन्द रञ्जनाले सामूहिक आत्महत्या गरेको आरोप लागेपछि सम्बन्ध विच्छेद हुनुअघि २०७३ मसिर ७ गते सासू हरिमाया दाहालको नामबाट उग्रचण्डी नाला ६ को कित्ता नम्बर ३३४ को ५



कान्छी श्रीमती फिर्ता गर्दै



जेठी श्रीमती लिँदै

रोपनी ८ आना २ पैसा ३ दाम जग्गा बकसपत्र गरी लिएकी थिइन्।

सोही जग्गाबाट पूजाले राजारामकै जेठी श्रीमती कमला र उनका छोरा सुरजलाई ५

### परिवारको सामूहिक अन्त्येष्टि

रोपनी जग्गा पास गरिदिएकी हुन्। जग्गा पास गरिदिएलगत्तै तीन दिनदेखि शिक्षण अस्पताल महाराजगन्जमा राखिएका शवहरूको परीक्षण गरी पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

(क्रमश: पृष्ठ ९ मा)



# विचार

असफल भएपछि तपाईं निराश हुन सक्नुहुन्छ। यदि तपाईंले कोशिश गर्नुभएन भने त झन् नोक्सान नै हुन्छ।
- बेवर्ली सिल्स

सफल मान्छेहरू महान् काम गर्दैनन्, तर उनीहरू स-साना कामलाई महान् ढंगले गर्छन्।
- हेनरी

## सम्पादकीय

नेपाल समाचारपत्र

# कलंकी-नागढुंगा सडक छिटो निर्माण गर

राजधानी काठमाडौंको प्रमुख नाका नागढुंगा-कलंकी सडक निर्माण कार्य थालेको वर्षौं बितिसकेको छ। दैनिकरूपमा अति व्यस्त रहने यो सडकको निर्माण निकै सुस्त गतिमा अगाडि बढेको छ। सडक निर्माणको लागि सरकारले पर्याप्त बजेट विनियोजन गरे पनि अनुगमनमा भने ध्यान दिन सकेको छैन। सडक निर्माणको क्रममा कतिपय स्थानमा स्थानीयवासीले उचित मुआब्जाको माग गर्दै सर्वोच्च अदालतबाट अन्तरिम आदेश लिएको कारण पनि सडक निर्माणमा समस्या देखिएको छ। स्थानीयले अवरोध गरेको स्थानमा मात्र नभई बाँकी स्थानमा पनि सडक निर्माणको कार्यले गति लिन सकेको छैन। ढल बिछ्याउने, बिजुलीको पोल सार्ने काम अपेक्षा गरेअनुसार अगाडि बढ्न सकेको छैन।

ठेकेदार कम्पनीको ढिलासुस्ती नै सडक निर्माण सुस्त हुनुको प्रमुख कारण देखिएको छ। पानी पर्दा हिलाम्य र घाम लाग्दा धुलाम्य हुने यस सडकको नियति नै भइसकेको छ। यसले गर्दा सडक आसपासका जनता हैरान भएका छन्। साथै यातायात सञ्चालनमा पनि उत्तिकै कठिनाइ छ। यस सडकमा सर्वसाधारणले पनि सहजरूपमा आवतजावत गर्न मुस्किल छ।

सडक निर्माणको कामको ठेक्का दिए पनि अनुगमन गर्ने सडक विभाग रमिते बनेको छ। सडक विभागले प्रभावकारीरूपमा सडक निर्माणमा भइरहेको ढिलाइको अनुगमन नगर्दा ठेकेदार कम्पनीले बर्सेनि म्याद थप्दै निर्माणकार्यलाई प्राथमिकता दिन सकेको देखिँदैन। सडक निर्माणको क्रममा सरकारी निकायहरूबीच नै आपसी समन्वय हुन सकेको छैन। खानेपानी, ढल, विद्युत्, नेपाल टेलिकमबीच समन्वय नहुँदा पनि सडक निर्माण प्रभावित बन्न पुगेको छ। अहिले पनि बीचसडकमा रहेका जोखिमयुक्त बिजुलीका खम्बा सार्ने तत्परता नेपाल विद्युत् प्राधिकरणले देखाएको छैन।

जनताको दैनिक आवश्यकतासँग जोडिएको सडक निर्माण कार्यमा ढिलासुस्ती हटाएर समस्याको कारण पहिचान गरी कारबाही प्रक्रिया अगाडि बढाउनुपर्छ। अब सरकारले झारा टार्ने ढंगले बेलाबखत अनुगमन गर्ने मात्र होइन, निर्माण कार्यमा देखिएको समन्वयको अभाव, ठेकेदार कम्पनीको ढिलासुस्तीलाई हटाउने भूमिका खेल्नुपर्छ। सरकारी निकायबीच एक निकायले अर्को निकालाई पन्छाउने भन्दा पनि जिम्मेवारी र दायित्व बहन गनुपर्छ। जनताको दैनिकीसँग जोडिएको सडक निर्माणको कामलाई तत्काल सम्पन्न गर्नुको अर्को विकल्प छैन।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# भ्रष्टाचारको दलदलमा मुलुक



बद्री तिवारी

> राजनीतिक दलहरूको संस्थागत भ्रष्टाचार, सरकारी ओहोदामा रहनेहरूले भ्रष्टाचार गर्नेहरूका लागि अनुकूल निर्णय गरिदिने परिपाटी र जसरी हुन्छ देशलाई दोहन गरेर निजी सम्पत्ति आर्जन गर्नेहरूको जमात बढ्दै गएकोले भ्रष्टाचार अनियन्त्रित बन्न पुगेको हो। त्यसैले राजनीतिक दलहरूले राष्ट्रलाई भ्रष्टाचारमुक्त बनाउने प्रतिबद्धता र अभियान नै चलाएर ऐन-कानुनको पालना, दण्डहीनताको अन्त्य र दोषीमाथि कडा कारबाही गर्ने पद्धतिको विकास नभएसम्म कुनै प्रगति हात लाग्नेवाला छैन।

'२०६० सालको कुरा हो। भक्तपुरको दधिकोटमा काठमाडौं स्कुल अफ लको भवन निर्माण चलिरहेको थियो। भवन निर्माणस्थलको पश्चिमतर्फ अलि पर भास थियो। चर्दाचर्दै एउटा गाई त्यहाँ पुगेछ। त्यसलाई के थाहा, जतापट्टि सजिलो होला भनी अगाडि बढ्यो, त्यो ठाउँ त झन् बढी खतरनाक भास थियो। जति बेला हामीले देख्यौं, गाईका खुट्टाहरू पूरै भासमा गाडिएका थिए। हामीले गाईलाई निकाल्ने अनेक प्रयास गर्‍यौं। केही गर्दा पनि सकिएन। दुई दिनसम्म चिसोमा गाई जीवितै थियो। राति स्यालले जिउँदै पुच्छर खाएछ। भोलिपल्ट दिउँसै कुकुरले गाईलाई खान थाले। हामीले पटक-पटक खेद्यौं, तर राति स्याल र कुकुरले जिउँदै गाई खाइसकेछन्।

अहिले भ्रष्टाचार गर्ने, नयाँ गाडी किन्ने, एक इन्चको पिच गरेर राष्ट्र लुट्ने, बजेट सक्न सरकारी कामको नाममा विदेशमा पीआर लिएर बसेका छोराछोरी भेट्न जाने कर्मचारीको विदेश भ्रमण, होटेलमा कार्यक्रम गरेर बजेट सक्ने, अपराधीलाई क्षतिपूर्ति दिने, पीडितका नाममा राष्ट्रको ढुकुटी लुट्नेजस्ता स्याल र कुकुरले नेपाल आमालाई पनि जिउँदै लुछ्दै छन्, के गर्ने होला ? देश पनि दलदलमा छ।'

पूर्वमहान्यायाधिवक्ता एवम् काठमाडौं स्कुल अफ लका संस्थापक सञ्चालक डा. युवराज संग्रौलाले गतसाता आफ्नो फेसबुकमार्फत व्यक्त गर्नुभएको यो चिन्ताले आमराष्ट्रप्रेमी जनताको चिन्तालाई प्रतिनिधित्व गर्न सक्छ। समग्रमा देशको अवस्था भनेको डा. संग्रौलाले माथि भन्नुभएजस्तै जतातै भ्रष्टाचारले जकडेको छ भन्दा फरक पराेइन। डा. संग्रौलाको भनाइमा चील र गिद्धहरूको प्रसंग छुटेजस्तो लाग्यो, तिनीहरूले पनि खाँदो खाएर सक्ने र पचाउन नसकेको सात पुस्तालाई पुग्ने गरी विदेशमा लगेर सञ्चय गर्ने गरेका समाचारहरू पनि बेलाबखत आएकै हुन्। त्यति मात्रै होइन, ससुराली, मावली, भान्जाभान्जी, नजिकका तर परिवारभन्दा बाहिरका र घरमा काम गर्न राखेका व्यक्तिहरूका नाममा समेत धनसम्पत्ति थुपार्नेहरूको संख्या पनि नेपालमा कमी छैन।

झन्डै डेढ महिनाअघि भ्रष्टाचार गरेको अभियोगमा पक्राउ परेका कर फछ्र्योट आयोगका तत्कालीन सदस्य सचिव तथा आन्तरिक राजस्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्मामाथि अनुसन्धान गर्ने क्रममा भ्रष्टाचारका नयाँ-नयाँ प्रकरणहरू फेला पर्दै गएका छन्। कर निर्धारणमा अनियमितता गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कर फछ्र्योट आयोगका तत्कालीन अध्यक्ष लुम्बध्वज महत, सदस्य उमेश ढकाल र सदस्य सचिव तथा आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्माविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेपछि भ्रष्टाचार प्रकरण शृंखलाबद्धरूपमा बाहिर आउन थालेका हो। कर संकलनमा प्रतिकूल असर पारी राज्यकोषमा हानि-नोक्सानी हुने खालका क्रियाकलालाप गरेको भेटिएको भन्दै अख्तियारले जनही १० अर्ब २ करोड १९ लाख १ हजार ८ सय ४२ रुपियाँका दरले जम्मा ३० अर्ब ६ करोड रुपियाँभन्दा बढी बिगो भराउन र हदैसम्मको कारबाहीको माग गर्दै मुद्दा दायर गरिएको समाचार प्रकाशमा आएको छ। मुलुकमा हालसम्म भएका भ्रष्टाचारहरूको तुलनामा यो प्रकरण सबैभन्दा ठूलो भएको टिकाटिप्पणी गर्न थालिएको छ। भ्रष्टाचारसँग सम्बद्ध सवालमा रेडियो तथा टेलिभिजनलगायत आमसञ्चारमाध्यममार्फत प्रकाशमा आएका जानकारीअनुसार मुलुकमा यी भन्दा पनि ठूला अरु ५० जना जति भ्रष्टाचारीहरू छन्, तिनीहरूलाई छुन सक्ने आँट कसैसँग छैन। ती भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याउने हो भने देशलाई तीन-चार वर्षका लागि बजेट पुग्ने बताइन्छ। यद्यपि ठोस आधार तथा प्रमाणविना यस्ता दाबी सतही मात्र हुन पुग्छन्। त्यसकारण भ्रष्टाचार प्रकरणका ठूला माछा पक्राउ गर्न अख्तियारलाई यस्ता जानकारी दिएर भ्रष्टाचारविरुद्धको अभियानलाई सहयोग पुर्‍याउन आमनागरिकले पनि आफ्नो कर्तव्य सम्झनुपर्दछ। भ्रष्टाचार आरोपितमध्येका अध्यक्ष महत र सदस्य ढकाल हालसम्म फरार नै रहेकाले उनीहरूविरुद्धको मुद्दालाई सहजै अघि बढाउन नसकिएको बताइन्छ।

यसै सन्दर्भमा कर फछ्र्योट आयोग गठन गर्ने तत्कालीन अर्थमन्त्री डा. रामशरण महतमाथि फरार भएका अभियुक्तहरूलाई लुकाएको आरोप लागिरहेका बेला उहाँले हालै आयोजित एक साक्षात्कार कार्यक्रममार्फत त्यस आरोपको प्रतिवाद गर्नुभएको छ। उहाँले आफूमाथि लगाइएको आरोप हास्यास्पद रहेको र त्यसको सामना गर्ने बताएर सो भ्रष्टाचार प्रकरणमा आफ्नो कुनै संलग्नता नभएको पुष्टि गर्ने प्रयास गर्नुभएको थियो। यद्यपि चूडामणि शर्मा त हात्तीको एउटा देखिने दाँत मात्र भएकोले चपाउने दाँतहरूको खोजी प्रयास जारी रहेकोले कर छली गर्ने माफिया पत्ता लाग्नेछन् भन्ने अपेक्षा जनताले राख्नु अन्यथा होओइन।

हुन पनि कर फछ्र्योट आयोगका पदाधिकारीहरूले मनोमानी किसिमले राष्ट्रलाई ठूलो हानि-नोक्सानी हुने किसिमबाट करदातालाई अर्बौंअर्ब रुपियाँ छुट दिएकोले यसको छानबिन सूक्ष्मरूपमै हुनुपर्ने जरुरी देखिन्छ। सरकारले २०७१ सालमा चार्टर्ड एकाउन्टेन्ट लुम्बध्वज महतको संयोजकत्वमा ढकाल र शर्मा सम्मिलित कर फछ्र्योट आयोग गठन गरेको थियो। तर अहिले आएर व्यवस्थापिका संसद्को अर्थ समितिले कर फछ्र्योट आयोग-२०३३ खारेज गर्न निर्देशन दिइसकेको छ। आयकर ऐन आएपछि सो आयोगको काम नभएकोले त्यसलाई २०५८ सालमै खारेज गर्न निर्देशन दिइएको थियो तर त्यसो गरिएन। पछि त्यही आयोगलाई सक्रिय तुल्याएर अस्वाभाविकरूपमा त्यसको प्रयोग गरियो व्यक्तिगत स्वार्थका लागि। त्यसैले यस्ता आयोगहरू राष्ट्रलाई एकोहोरो नोक्सान पुर्‍याउन मात्र प्रयोग भए। हुन पनि औचित्यविनाका, अख्तियार दुरूपयोग गर्ने कुनियतका साथ राखिएका त्यस्ता आयोग तथा समितिहरू राखिरहनु भनेको आर्थिक अनियमितता गर्नेहरूका लागि झन् बढी सहज बनाइदिनु मात्र हो।

मुलुकमा भ्रष्टाचारको उठान गर्दा नेपाल प्रहरीको सुडान घोटाला काण्डलाई अर्को एउटा गतिलो उदाहरणका रूपमा लिन सकिन्छ। संयुक्त राष्ट्र संघको आह्वानमा राष्ट्रसंघीय शान्ति मिसनअन्तर्गत द्वन्द्वग्रस्त मुलुक सुडानमा खटिएका प्रहरीका लागि सुरक्षा तथा बन्दोबस्तीका सामान खरिद गर्ने क्रममा भएको आर्थिक अनियमिततालाई लिएर तीन प्रहरी महानिरीक्षकहरू रमेशचन्द ठकुरी, ओमविक्रम राणा र हेमबहादुर गुरुङलगायत ३४ जना प्रहरीविरुद्ध भ्रष्टाचार मुद्दा पर्‍यो। सो प्रकरणमा ४५ करोडको खरिदमा २८ करोड रुपियाँ त भ्रष्टाचार नै भएको थियो। सर्वोच्च अदालतबाट दोषी ठहरिएपछि पूर्वप्रमनिद्वय ओमविक्रम राणा र हेमबहादुर गुरुङले अदालतसमक्ष गत असार ७ गते आत्मसमर्पण गरेका छन्। उनीहरू दुवैजना यतिखेर डिल्लीबजारस्थित केन्द्रीय कारागारमा जेल जीवन बिताइरहेका छन्। नेपाल प्रहरी कल्याणकारी कोषको त्यति ठूलो रकमको भ्रष्टाचारलाई संगठित आर्थिक अपराध मानिन्छ। नेपालमा यस्ता संगठित अपराधहरू बारम्बार बढ्दै गएका पाइन्छन्। हाम्रो देशमा भ्रष्टाचार एउटा यस्तो रोग बनेको छ, जसले सार्वजनिक तथा संगठित संघसंस्थाहरूलाई अत्यन्त जर्जर बनाएको छ। भ्रष्टाचारीहरूले ती संस्थाहरूलाई धमिराले खाएजस्तो भित्रभित्रै जीर्ण बनाएका छन्।

भ्रष्टाचार के हो ? भ्रष्टाचार निवारण प्रयासमा निरन्तर लागिरहेको संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्रष्टाचारलाई यसरी परिभाषित गरेको छ- 'भ्रष्टाचार भन्नाले सार्वजनिक क्षेत्रमा काम गर्ने पदाधिकारी र राजनीतिक वा सरकारी अधिकृतले आफूलाई सुम्पिएको अख्तियारी र शक्तिको दुरूपयोग गरी कुनै पनि व्यक्ति वा सम्बद्ध व्यक्तिहरूको निजी फाइदाको लागि प्रयोग गर्ने गैरकानुनी व्यवहार हो।'

यस परिभाषाले भ्रष्टाचार भन्नेबित्तिकै आर्थिक हिनामिना मात्र जनाउँछ भन्ने देखिँदैन तर प्रत्यक्ष वा परोक्षरूपमा निजी फाइदाका लागि अख्तियारको दुरूपयोग गर्नु तथा गैरकानुनी, अनियमित व्यवहार गर्नुलाई नै भ्रष्टाचार (भ्रष्ट+आचार) भन्ने अर्थ स्पष्ट हुन्छ। अनुशासनहीनता, समयको चोरी, गलत निर्णय, ढाँट तथा छलकपट, अनुचित फाइदा लिने कुनियत, ऐन-कानुन छल्ने तथा तोडमरोड गरी सेवाग्राहीलाई दु:ख दिनेजस्ता सबै कार्यहरू भ्रष्टाचारअन्तर्गत पर्दछन्।

त्यसो त विभिन्न पेसा व्यवसायमा सम्बद्ध व्यक्तिहरूले पनि आफ्ना पेसागत मर्यादा नाघेर धन कमाउने काम गर्छन् भने त्यो पनि एक किसिमको भ्रष्टाचार नै हो। अस्पतालमा आएको बिरामीलाई राम्रो उपचार गरिदिन्छु भनेर आफ्नो क्लिनिकमा बोलाउने चिकित्सक हुन् वा कक्षाकोठामा राम्रोसँग नपढाउने, तर परीक्षा उत्तीर्ण गर्ने हो भने ट्युसन पढ्नुपर्छ भनेर विद्यार्थीलाई घरमा बोलाउने शिक्षक, पैसा दिएनौ भने तिम्रो पोल खोलिदिन्छु भनेर थर्काउने तथा राम्रै-छाप्न योग्य समाचार प्रकाशित गर्न वा प्रसारण गर्न पनि पैसा चाहिन्छ भन्ने पत्रकार हुन्, वा कुनै मुद्दाका वादी र प्रतिवादी दुवै पक्षलाई आफ्नै सञ्जालमा फसाएर जुन पक्षले जिते पनि आफ्नो आम्दानीको प्रत्याभूत गर्ने अधिवक्ता नै किन नहुन्, यी सबै ट्रान्सपरेन्सीको परिभाषाबाट मुक्त छैनन्। नेपालमा यस प्रकारका हजारौं उदाहरण भेटिन्छन्।

ट्रान्सपरेन्सी इन्टरनेसनलको २०१६ को प्रतिवेदनअनुसार विश्वका १ सय ७६ देशमध्ये नेपाल १०० पूर्णांकमा २९ अंक ल्याई कम भ्रष्टाचार हुने देशमध्ये १ सय ३१ औंमा पर्दछ भने छिमेकी देशहरू भारत र चीन ४०/४० अंक प्राप्त गरी ७९औं स्थानमा परेका छन्। सो सर्वेक्षण प्रतिवेदनअनुसार ५० भन्दा कम अंक ल्याउने मुलुकहरूको संख्या १ सय भएकोले भ्रष्टाचार विश्वव्यापीरूपमा बढेको देखिन्छ। नेपाललाई यस किसिमको सर्वेक्षणमा सन् २००४ देखि समावेश गर्न थालिएको हो, तर पछिल्ला वर्षहरूमा भ्रष्टाचार झन् बढ्दै गएको कुरा तथ्यांकले स्पष्ट पारेको छ।

मालपोत, राजस्व, जग्गा नापी तथा भूमिसुधार, स्थानीय तहका जग्गा मूल्यांकन तथा नक्सा सिफारिसलगायत जनताका कामसँग सम्बन्धित सरकारी कार्यालयहरू, विकास, स्वास्थ्य र अधिकारलगायत विषयसँग सम्बन्धित गैरसरकारी संस्थाहरू, संस्थान, सुरक्षा निकायहरू र जनतालाई सेवा प्रदान गर्ने जिम्मेवारी बोकेका संगठित संस्थाहरूमा बढी नै आर्थिक अनियमितता तथा अन्य खालका अनुशासनहीनताको पराकाष्ठा नाघिसकेको छ। नैतिक आचरणमा खोट, पेसा तथा व्यवसायगत आचारसंहिताको उल्लंघन, चाँडो धन कमाउने लालसा र जिम्मेवारीबोधको अभावजस्ता विविध कारणले मुलुकमा भ्रष्टाचार बढेको सर्वेक्षण प्रतिवेदनसँगसँगै पूर्वप्रशासकहरूले पनि सोही कुराको पुष्टि गर्दै आएका छन्। राजनीतिक दलहरूको संस्थागत भ्रष्टाचार, सरकारी ओहोदामा रहनेहरूले भ्रष्टाचार गर्नेहरूका लागि अनुकूल निर्णय गरिदिने परिपाटी र जसरी हुन्छ देशलाई दोहन गरेर निजी सम्पत्ति आर्जन गर्नेहरूको जमात बढ्दै गएकोले भ्रष्टाचार अनियन्त्रित बन्न पुगेको हो। त्यसैले राजनीतिक दलहरूले राष्ट्रलाई भ्रष्टाचारमुक्त बनाउने प्रतिबद्धता र अभियान नै चलाएर ऐन-कानुनको पालना, दण्डहीनताको अन्त्य र दोषीमाथि कडा कारबाही गर्ने पद्धतिको विकास नभएसम्म कुनै प्रगति हात लाग्नेवाला छैन।

शुरुको अनुच्छेदमा उल्लिखित पूर्वमहान्यायाधिवक्ता डा. संग्रौलाको चिन्तासँगै आफ्ना चिन्तालाई जोडेर चिन्तित बन्न पुगेका राष्ट्रप्रेमी, न्यायप्रेमी र भ्रष्टाचारमुक्त एवम् स्वच्छ समाजको परिकल्पना गर्ने नागरिकहरू एकजुट भएर भ्रष्टाचारविरुद्धको अभियानमा खरो उत्रन सक्नुपर्दछ, अनि मात्र नेपाल आमालाई लुटेराहरूबाट जोगाउन सकिनेछ।

badript@gmail.com

## पाठक पत्र

### राजधानीको हविगत

यति बेला काठमाडौं उपत्यकाको यात्रा निकै कठिन छ। सडकमा हिँडिसक्नु छैन, खाल्टैखाल्टा मात्र छन्। वर्षासँगै खाल्टामा भरिएको पानीले पोखरी बनेका छन् राजधानी काठमाडौंका सडक। यस्ता सडकले उपत्यकावासीलाई सास्ती मात्र छैन, ज्यानकै जोखिम पनि धेरै बढेको छ। सडककै कारण राजधानी 'डेथ सिटी' मा परिणत हुन गएको देखिएको छ। प्रधानमन्त्रीले १५ दिनभित्र राजधानीका सडकका खाल्टा पुर्न निर्देशन दिएका थिए तर ६ दिन बितिसक्दा पनि उनको निर्देशनको प्रभावकारी कार्यान्वयन भएको देखिएको छैन।

त्रिपुरेश्वर, कंलकी, कोटेश्वर, गौशाला, चाबहिल, कपन, नारायणगोपाल चोक, जमल, रातोपुल, ज्ञानेश्वर, मैतीदेवी, पुतलीसडकलगायतका क्षेत्रमा बग्रेल्ती खाल्टा देखिएका छन्। माइतीघर र गौशाला क्षेत्रमा भने सडकका खाल्टा पुर्ने काम कछुवाको गतिमा भएको देखिएको छ तर अन्यत्रको अवस्था अझै त्यस्तै छ। यो विषयमा सम्बन्धित निकाय गम्भीर बनोस्। राजधानीकै सडकमा गाडी डुबेर मान्छे मरेको सुन्न नपरोस्। राजधानीमै यस्तो हविगत हुँदा जिल्लावासीले के अपेक्षा गर्ने ? नेपाल सरकार र सिंहदरबार गाउँ-गाउँ जाने भन्ने कुरा कुरामै सीमित भएन र यसरी त ?

*- रविना श्रेष्ठ, भक्तपुर*

### गिरीलाई बचाऔं

हेमराज गिरी १५ महिनाका हुँदा उनकी आमाले अर्कैसँग दोस्रो विवाह गरिन्। बुबा पनि अर्की आमा ल्याएर अलग्गै छन्। आफ्ना ठूलो बुबाका घरमा बस्दै आएका सान्नी-त्रिवेणी गाउँपालिका-१ कालीकोटका १२ वर्षीय गिरीलाई एक्कासि रक्त अर्बुद (रक्त क्यान्सर) देखा पर्‍यो। गिरी यही गत वैशाखदेखि 'ब्लड क्यान्सर' सँग जुधिरहेका छन्। उनलाई अहिले सहयोगी हातको खाँचो छ। गिरीको 'बोनम्यारो' (अस्थी मज्जा) बदल्नुपर्नेछ। उनको उपचारका लागि कम्तीमा रु. १५ लाख खर्च लाग्ने चिकित्सकले बताएका छन्। चिकित्सकले १० दिनभित्र बोनम्यारो बदल्न सुझाव दिएका छन् तर अर्थ अभावका कारण उनको उपचार शुरु हुन सकेको छैन।

हामी साथीभाइ मिलेर सकेजति सहयोग गर्ने प्रयास गरिरहेका छौं। यसमा तपाईंहरूको पनि सहयोग आएमा एकजनाको ज्यान बच्नेछ। कान्ति अस्पतालमा उपचार सम्भव नभएर थप उपचारका लागि भारत लैजानुपर्ने चिकित्सकले सल्लाह दिएका छन्। उनको उपचारका लागि रु. २ लाख ७६ हजार सहयोग रकम संकलन भइसकेको छ। कान्ति बालअस्पताल, काठमाडौंमा गिरीको उपचार गर्न दाइ (माहिला बुबाको छोरा) नवराजले समाजसेवी मिलन कार्की र देवीराम देवकोटाले सहयोग जुटाउँदै आएका छन्।

जति खर्च भए पनि उनी बाँच्न चाहन्छन्। उनले सबै खर्च सन्चो भएपछि कमाएर तिर्ने बताएका छन्। उनको त्यो बाँच्ने इच्छालाई तपाईंहरूले पनि सहयोग गरेर पुण्यको काम गर्न अनुरोध गर्छु। सहयोगका लागि पीडित गिरीका दाजु नवराजका नाममा रहेको मेगा बैंक (महाराजगन्ज शाखा) को खाता नं. ०२०००५००८५२६७ मा सहयोग जम्मा गर्न सकिन्छ। सबैले पुण्यको हात अगाडि बढाएर उनको ज्यान बचाऔं।

*- सुधीर श्रेष्ठ, काठमाडौं*

### पीडितलाई झन् पीडा दिने काम

क्याथोलिक रिलिफ सर्भिस (सीआरएस) ले गोरखामा १० लाख रुपियाँ खर्चेर बनाएको खोरजत्रो घरको आलोचना भएपछि केही ठूलो घर बनाउन थालेको भनेर आलोचना भयो। परिमार्जित गरेर फेरि १६ वटा घर बनाए पनि तिनीहरू पनि आलोचनामुक्त भने भएका छैनन्। बुंकोटमा बनेको घर अनुगमन गरी फर्केका जिल्ला वन अधिकृत जीवनाथ पौडेलका अनुसार परिमार्जन गरे पनि ती घर प्रयोग गर्नलायक छैनन्।

यस्ता समाचारहरू बाहिर आइरहँदा सम्बन्धित निकायले नयाँ घर बनाउन निर्देशन दिनुपर्छ। गारोले ओगट्ने क्षेत्रफलभन्दा कोठा साँघुरो भएका घरहरूमा मान्छे बस्न सक्दैनन्। बाख्रा राख्ने खोरमा मान्छे बस्न सक्ने अवस्था छैन यहाँ। एउटा कुर्सी र टेबल राखेपछि अरू केही अट्दैन यहाँ। त्यस्तो घर के काम लाग्छ र ? कि यसलाई बाख्रा पालनको रूपमा भनेर दिनु, हैन भने नयाँ घर बनाउने काम गर्नुपर्ने होइन र ?

तालिमका क्रममा बनाउने घरलाई सामुदायिक भवनका रूपमा प्रयोग गर्न मिल्ने गरी बनाउन जिल्ला दैवी प्रकोप उद्धार समितिले सुझाव दिएको भनिएको थियो। तर फेरि प्रयोगविहीन घर बन्दासम्म कुरै उठेको छैन। सामुदायिक भवन बन्न सकेन, यहाँ खोर मात्रै बनाइयो। भूकम्पपछि राहत पुनर्निर्माण र पुनर्स्थापनाका लागि १ अर्ब २५ करोड रुपियाँको कार्यक्रम लिएर गोरखा आएको सीआरएसको 'डेमोहाउस' यसअघि पनि विवादित बनेको थियो। कुनै न कुनै कार्यालय सञ्चालन गर्न मिल्ने गरी बनाउन गरेको आग्रह लत्याएर बेकामका घर बनाएको छ यो संस्थाले। पटक-पटक विवादमा परेको संस्थालाई यसरी काम दिनुमा रकमी चलखेलको पनि शंका उब्जिन्छ।

*- मनोज विक, गोरखा*

## सामाजिक सञ्जाल



भोलि मर्नु छ भनी निराश कहिल्यै नहुनु, अपशब्द कहिल्यै नबोल्नु, यहाँ जति अमर भएका छन् सबै मरेपछि नै हो।

लिटिल एलिसा
**@ac19littlegirl**



सुखमा साथ र दु:खमा लात हान्ने मानिसको बाहुल्यता भएको ग्रहलाई पृथ्वी भनिन्छ भनेर मंगल ग्रहका विद्यार्थीले पढ्छन् अरे !

खतिवडा साइँलो
**@Sailokhatiwada5**



वाइफाइ हैन कर्णालीमा
चामल-दाल देऊ
पीडितलाई न्याय देऊ दोषीलाई
काल देऊ
ठेकेदारलाई बोनस बाँडेर
मात्र बन्दैन देश
जाऊ बरू भूकम्पपीडितलाई
त्रिपाल देऊ

बलायर काजी
**@balayarkaji"**

२०७४, साउन
मंगलबार
१०

{ महिनावारी रोकिएपछि महिलालाई उच्च रक्तचाप, मुटु, क्यान्सरलगायत विभिन्न रोग लाग्नसक्ने सम्भावना भएकाले ती रोगबाट समयमै महिलालाई जोगाउने उद्देश्यले नेसनल हस्पिटल एन्ड क्यान्सर रिसर्च सेन्टरले महिलाका लागि निःशुल्करूपमा सेवा शुरू गर्न लागेको छ।

# नेपाल

# नेपाल प्रहरीमा ८२ प्रतिशत बेरुजु फछ्र्यौंट

नेपाल समाचारपत्र

काठमाडौं

महालेखा परीक्षकको कार्यालय तथा नेपाल प्रहरीबीच अन्तिम लेखा परीक्षण तथा बेरुजु फछ्र्यौंट विषयक अन्तरक्रिया कार्यक्रम प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित एक समारोहबीच सम्पन्न भयो।

कार्यक्रममा प्रहरी महानिरीक्षक प्रकाश अर्यालले अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौंटसम्बन्धी कार्ययोजना बनाई काम गरेकाले आर्थिक वर्ष २०७३/०७४ मा कुल बेरुजुको ८२ प्रतिशत फछ्र्यौंट गरी नेपाल प्रहरीले ऐतिहासिक सफलता हासिल गरेको उल्लेख गर्दै बेरुजु फछ्र्यौंटमा संलग्न सबै प्रहरी कर्मचारी धन्यवादका पात्र रहेको बताउनुभयो।

विगतको बेरुजु सम्बन्धमा केन्द्रीय तथा क्षेत्रीय बेरुजु फछ्र्यौंट समितिलाई अझ प्रभावकारीरूपमा परिचालन गरी बेरुजु फछ्र्यौंट गर्नसमेत उहाँले निर्देशन दिनुभयो।

आगामी ३ वर्षमा विगतका बेरुजुलाई शून्य बनाउने रणनीति लिई आर्थिक प्रशासनसम्बन्धी तालिमहरु सञ्चालन गर्नुका साथै नियमितरूपमा अनुगमन तथा सुपरिवेक्षण गरिएको र केन्द्रीय तथा क्षेत्रीयस्तरमा गोष्ठी सञ्चालन गर्दै आइरहेको उल्लेख गर्दै प्रहरी महानिरीक्षक अर्यालले अगामी आर्थिक वर्षमा शुरु अवस्थामा बेरुजु कायम हुन नदिने, बेरुजु कायम भएमा तत्कालै बेरुजु फछ्र्यौंट गर्ने रणनीति अपनाइनुका साथै समयसापेक्ष प्रविधियुक्त लेखा प्रणालीमा समेत जोड दिइने सांगठनिक रणनीति रहेको बताउनुभयो।

बेरुजु शून्य बनाउने लक्ष्य प्राप्ती गर्न महालेखा परीक्षकको कार्यालयबाट आवश्यक सहकार्य, सुझाव एवं प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दै प्रहरी महानिरीक्षक अर्यालले भविष्यमा यस्ता अन्तरक्रियात्मक कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो।

अन्तरक्रियामा उठेका विषयवस्तु, सुझावहरुलाई व्यवहारमा समेत लागू गर्न सके मात्र सांगठनिक रणनीतिले सफलता प्राप्त गर्नेतर्फ उहाँले प्रहरी कर्मचारीको ध्यानाकृष्ट गर्नुभयो।

समारोहमा प्रहरी महानिरीक्षक अर्यालले महालेखा परीक्षकको कार्यालयका नायव महालेखा परीक्षक विश्वनाथ रेग्मी तथा महालेखा परीक्षकको कार्यालय गृह निर्देशनालयका निर्देशक कृष्णप्रसाद ढुंगेललाई नेपाल प्रहरीको तर्फबाट मायाको चिनो प्रदान गर्नुभयो।

उक्त अवसरमा महालेखा परीक्षकको कार्यालयका नायव महालेखा परीक्षक विश्वनाथ रेग्मीले महालेखा परीक्षकको कार्यालयबाट गरिने अन्तिम लेखा परीक्षण तथा बेरुजु फछ्र्यौंटबारे राय सुझावसहित मन्तव्य व्यक्त गर्नुभएको थियो।

उहाँले यस्ता अन्तरक्रिया कार्यक्रमले जिज्ञासा, परामर्श तथा सुझाव एक-आपसमा साटासाट हुने हुँदा देखिएको समस्या तथा दुविधा समाधान हुने विश्वाससमेत व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रहरी प्रधान कार्यालय प्रशासन विभागका निमित्त प्रमुख प्रहरी नायव महानिरीक्षक माधवप्रसाद जोशीले नेपाल प्रहरीको बेरुजु फछ्र्यौंट सम्बन्धमा संक्षिप्त जानकारी दिनुभएको थियो।

प्रहरी वरिष्ठ उपरीक्षक कमलबहादुर जीटीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखेल, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरुलगायत नेपाल प्रहरीको आर्थिक प्रशासनमा कार्यरत प्रहरी अधिकृतहरुको सहभागिता रहेको थियो।

## प्रहरी प्रभाग कलंकीको नयाँ भवन बन्यो

काठमाडौं, (नेस)

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका निमित्त प्रहरी आयुक्त प्रहरी नायव महानिरीक्षक बमबहादुर भण्डारीले महानगरीय प्रहरी प्रभाग कलंकीको नवनिर्मित कार्यालय भवनको सोमबार आयोजित एक समारोहबीच उद्घाटन गर्नुभयो। साथै उहाँले भवन निर्माण कार्यमा सहयोग पुऱ्याउने विभिन्न संघ-संस्था तथा स्थानीय व्यक्तिहरूलाई प्रशंसापत्र तथा कदरपत्रसमेत प्रदान गर्नुभयो।

उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक भण्डारीले महानगरीय प्रहरीको कार्यनीति नै जनतासँग सम्बन्ध सुधार गरी समाजमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने रहेको अवस्थामा प्रहरी भवन निर्माणका लागि नागरिकले देखाएको तत्परताले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो। शान्ति सुरक्षा, अपराध रोकथाम नियन्त्रण र अनुसन्धानको जिम्मा नेपाल प्रहरीको भए तापनि अपराध समाजकै व्यक्तिले गर्ने, त्यसको असर समाजलाई नै पर्ने र अपराधी समाजमै लुकेर बस्ने हुनाले समाजको सहयोग र सहकार्यबिना शान्ति सुव्यवस्था कायम गर्न नसकिने कुरा औंल्याउँदै नागरिकको सहयोग नै महत्त्वपूर्ण हुने बताउनुभयो। भवनले दिएको सुविधाको उपयोगले मात्र शान्ति सुरक्षा कायम गर्न नसकिने भन्दै जनताले प्रहरीबाट गरेको अपेक्षा पूरा गर्ने कार्यमा अलिकता पनि पछि नहटी कार्य सम्पादन गर्न मातहत कर्मचारीहरूलाई निर्देशनसमेत दिनुभयो।

कार्यक्रममा महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक छविलाल जोशीले अपराधरहित समाजको सृजना गर्ने चाहना नेपाल प्रहरीको रहेकाले आगामी दिनमा प्रहरीको कार्यशैली कसरी प्रस्तुत गर्ने भन्ने कुरामा स्थानीयबासीले सहयोग गर्नुपर्ने बताउनुभयो।

भवन निर्माण समितिका कोषाध्यक्ष पुरुषोत्तम अधिकारीले तत्कालीन अवस्थामा अस्थायी प्रहरी प्रभाग भवन २०७२ सालको भूकम्पले क्षतिग्रस्त भएपछि शान्ति सुरक्षा जस्तो जिम्मेवार निकायले बिनाआवास पनि शान्ति सुरक्षा दिएको अवस्थामा भवनको आवश्यकता महसुस गरी स्थानीय जनता, संघ-संस्था, समाजसेवीहरूको सहयोगमा कुल ४८ लाख ६ हजार १ सय ७० रुपियाँको लागतमा निर्माणकार्य सम्पन्न भएको बताउनुभयो।

महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुख, महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख, प्रहरी कर्मचारी, स्थानीय जनताको उपस्थिति रहेको कार्यक्रममा भवन निर्माण समितिका अध्यक्ष तथा कार्यक्रमका सभापति कुवेर खड्काले समितिले सोचेभन्दा बढी सहयोग प्राप्त भएको बताउँदै सहयोगदाताहरूलाई धन्यवाद दिनुभयो।

## ललितपुर प्याब्सन क्षेत्र नम्बर ५ द्वारा सम्मान



नेपाल समाचारपत्र

ललितपुर

ललितपुर प्याब्सन, क्षेत्र नम्बर ५ ले ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन, उपमेयर गीता सत्यालका साथसाथै वडा नम्बर १, २, ३, ४ र १३ का निर्वाचित अध्यक्ष तथा सदस्यहरूलाई सम्मान गरेको छ।

सम्मान कार्यक्रममा बोल्दै मेयर महर्जनले शिक्षामा सुधार ल्याउन निजी तथा सरकारी विद्यालयहरूको समन्वय तथा सहकार्य हेतु प्याब्सनका विज्ञहरूबाट परामर्श लिई दुवैको अस्तित्वका लागि स्थानीय निकायबाट कार्यान्वयन गरिने बताउनुभयो। उहाँले स्थानीय सरकारले संस्थागत विद्यालयको भौतिक विकासका लागि सहयोग गर्ने बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि सांसद तेजुलाल चौधरीले निजी र सरकारी विद्यालयबीच देखिएको विभेदकारी नीतिको अन्त्य गरिनुपर्ने बताउनुभयो। कार्यक्रममा ललितपुर प्याब्सनका अध्यक्ष शिवकार्की र डीएभीका अध्यक्ष अनिल केडियाले निजी र सरकारी समन्वय आवश्यक रहेका औंल्याउनुभयो। क्षेत्रीय संयोजक विनयप्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा क्षेत्रका करिब ३२ विद्यालयका निर्देशक, संस्थापक प्रिन्सिपल, प्याब्सन पदाधिकारी तथा विद्यालय प्रतिनिधहरूको उपस्थिति रहेको थियो।

## दुई मिनेट

### पेस्तोलसहित ३ पक्राउ

काठमाडौं, (नेस)

सुकेधाराबाट कट्टुवा पेस्तोल १ थान र थ्री नट थ्री राइफलको गोली ४ थानसहित महानगरीय अपराध महाशाखा टेकुको प्रहरीले आइतबार ३ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा काठमाडौं सुकेधारा बस्ने चितवन, बघौडा नगरपालिका-१ का अनिल महतो, काठमाडौं सुकेधार बस्ने रामेछाप, खनियाँपानी-३ का महेश लामा र काठमाडौं एकताबस्ती बस्ने काभ्रे, पाल्लेखेत-१ का रोदन लामा (डल्ले) रहेका छन्। उनीहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि उक्त महाशाखाले सोमबार महानगरीय प्रहरी परिसर, काठमाडौं पठाएको छ।

### बेलायतमा अध्ययन गर्न इस्लिङ्टनको छात्रवृत्ति

काठमाडौं, (नेस)

इस्लिङ्टन कलेजले यस कलेजबाट स्नातक तह पूरा गरेका पूर्वविद्यार्थीहरूलाई बेलायतमै अध्ययन गर्न छात्रवृत्ति दिने भएको छ।

सो कलेजले आगामी सेप्टेम्बर शैक्षिक शत्रमा सूचना प्रविधि तथा व्यवस्थापनमा (एएस सीआईटी र एमबीए) का लागि स्नातकोत्तर तह अध्ययनका लागि छात्रवृत्ति दिन लागेको हो। बेलायतस्थित लन्डन मेट्रोपोलिटियन विश्वविद्यालयले एक जनालाई खान, बस्न र अध्ययनका लागि पूर्ण र दुई विद्यार्थीलाई नेपालको इस्लिङ्टन कलेजमा अध्ययन गर्न पूर्ण छात्रवृत्ति उपलब्ध गर्न लागेको कलेजले जनाएको छ।

बेलायतस्थित लन्डन मेट्रोपोलिटियन विश्वविद्यालयमा सूचना प्रविधि र व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययनका लागि सम्पूर्ण खर्च विश्वविद्यालयले बेहोर्ने भएको छ।

'छनोटमा परेका विद्यार्थीलाई पूर्ण अध्ययनका लागि सो विद्यालयले ३३ हजार पाउन्डको छात्रवृत्ति पाउनेछन्' -कलेजका अध्यक्ष तथा प्रमुख कार्यकारी सुलभ बुढोथोकीले बताउनुभयो।

उहाँले बेलायतको लन्डन मेट्रोपोलिटियन विश्वविद्यालयले नेपालमा अध्ययन गर्ने विद्यार्थीको गुणस्तर उत्कृष्ट रहेकाले छात्रवृत्ति दिएको जानकारी गराउनुभयो। कलेजले छात्रवृत्तिका लागि १९ जुलाईमा निवेदन दिने, २७ देखि ३० जुलाईसम्म अन्तरवार्ता र ७ अगस्टमा छात्रवृत्तिको नतिजा सार्वजनिक गर्ने भएको छ।

## महिनावारी रोकिएका महिलालाई निःशुल्क सेवा

ललितपुर, (नेस)

महिनावारी रोकिएका या विभिन्न कारणले पाठेघर झिकेर फ्याँकेका महिलाका लागि नेसनल हस्पिटल एन्ड क्यान्सर रिसर्च सेन्टर, जाउलाखेलले अब हरेक हप्ता नियमितरूपमा निःशुल्क स्वास्थ्य जाँच सेवा शुरू गर्ने भएको छ। महिनावारी रोकिएपछि महिलालाई उच्च रक्तचाप, मुटु, क्यान्सरलगायत विभिन्न रोग लाग्नसक्ने सम्भावना भएकाले ती रोगबाट समयमै महिलालाई जोगाउने उद्देश्यले अस्पतालले महिलाका लागि निःशुल्करूपमा सो सेवा शुरू गर्न लागेको हो।

नेसनल हस्पिटल एन्ड क्यान्सर रिसर्च सेन्टरको पहलमा वरिष्ठ क्यान्सर विशेषज्ञ तथा 'मेनोपउजल सोसाइटी अफ नेपाल' (मेसन) का पदाधिकारी एवं वरिष्ठ स्त्रीरोग विशेषज्ञहरूको छलफलले भदौदेखि सो सेवा शुरू गर्ने निर्णय गरेको हो।

अस्पतालका कार्यकारी अध्यक्ष एवं वरिष्ठ क्यान्सर विशेषज्ञ डा. मदनकुमार पिया तथा मेसनकी निर्वाचित अध्यक्ष डा. सुशीला श्रेष्ठसहितको विशेषज्ञ टोलीले सो सेवा शुरू गर्ने तयारीका विषयमा छलफल गरेको थियो। छलफलमा सो अस्पतालका अध्यक्ष डा. पिया, प्रबन्ध निर्देशक श्यामकृष्ण जोशी, मेसनकी अध्यक्ष एवं वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. सुशीला श्रेष्ठ (प्रेसिडेन्ट इलेक्ट) डा. अचला वैद्य, डा. गणेश दंगाल, डा. जेराज बराललगायतको सहभागिता थियो।

विशेष गरी महिनावारी रोकिएका ४० देखि माथिका उमेरका महिला तथा विभिन्न कारणले पाठेघर झिकेर फ्याँकेका जुनसुकै उमेरका विवाहित महिलाको स्वास्थ्यसम्बन्धी अनगिन्ती गुनासोलाई मध्यनजर गर्दै स्त्रीरोग विशेषज्ञहरूको सहकार्यमा अस्पतालमा निःशुल्क सेवा शुरू गर्न लागेको अस्पतालका कार्यकारी अध्यक्ष डा. पियाले बताए।

## क्यान्सरपीडित बालकलाई बचाउन अपिल

काठमाडौं, (नेस)

स्वास्थ्य मन्त्रालयले १५ वर्ष मुनिका बालबालिका र ६० वर्ष माथिका जेष्ठ नागरिकका लागि क्यान्सर, मुटुलगायतका समस्यामा निःशुल्क उपचार गर्न सहयोग गर्ने उद्घोष गरिरहँदा कालिकोटजस्तो विकट ठाउँबाट आर्थिक र पारिवारिकसमेत समस्यामा परी काठमाडौं पुगेका बालकको उपचारमा सहयोगको याचना गर्दै यी १२ वर्षीय बालक आफ्नो जीवनको भिख मागिरहेका छन्।

कालिकोटका क्यान्सरपीडित बालक हिमराज गिरीलाई बचाउन अपिल गरिएको छ। सान्नी-त्रिवेणी गाउँपालिका-१ का गिरीको उपचारमा सहयोग गर्दै आएका नवराज गिरी, मिलन कार्की र देवीराम देवकोटाले पत्रकार सम्मेलनको आयोजना गरेर सो अपिल गरेका हुन्।

गत शुक्रबार राजधानीको संवाद डबलीमा बिरामी हेमराजसहित उपस्थित पत्रकार सम्मेलनको आयोजना उनको अहिलेसम्मको अवस्था र थप उपचारको विषयमा जानकारी दिइएको थियो। कान्ति बाल अस्पतालले नेपालमा उपचार हुन नसक्ने भन्दै दिल्ली जान सुझाव दिएको उपचारमा सहयोग गरिरहेकी समाजसेवी मिलन कार्कीले जानकारी दिइन्। मध्यपश्चिम क्षेत्रीय अस्पतालले काठमाडौंको कान्ति अस्पतालमा रिफर गरेको थियो। कार्कीका अनुसार हेमराजको बोनम्यारो बदल्नुपर्ने कान्ति बाल अस्पतालले जनाएको छ।

आर्थिक अवस्थाका कारण घर-परिवारले उपचार नगर्ने र १२ वर्षीय हेमराजलाई बचाउन आफूहरूले काठमाडौं ल्याएको उपचारमा संलग्न नवराज गिरीले जानकारी दिए। उनी हेमराजको दाजु (माइला बुबाको छोरा) हुन्।

सिनेमा कर्नर

TODAY'S MOVIES
Munna Michael 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
Jagga Jasoos 8:20, 11:20 2:20, 5:20
Docter Khate 8:20, 11:20 2:20, 5:20
मेरी ... 8:20, 11:20 2:20, 5:20
कारखाना 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Digital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jagga Jasoos
तारेभिर
धनपति
सायन-२
लाल्टिन
न यस्तो गित गाउछु
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पेटको समस्या, विवाद, थकान, अनिद्रा, आलश्यता।
**वृष** : पराक्रम, पैसा प्राप्ति, पढाइमा सफलता, व्यापारिक लाभ।
**मिथुन** : धनलाभ, सुख-शान्ति, काममा सफलता, मानसिक प्रफुल्लता।
**कर्कट** : मिष्ठान्न भोजन, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।
**सिंह** : धनको नोक्सानी, साथीभाइसँग विवाद, चोटपटकको सम्भावना।
**कन्या** : विविध लाभ, उत्तम भोजन, पारिवारिक सुख, प्रसन्नता।
**तुला** : कार्य सिद्धि, स्वस्थता, आँटेका काम सफल, सुखानुभूति।
वृश्चिक : कूटनीतिक सफलता, प्रतिष्ठा वृद्धि, पढाइमा सफलता।
**धनु** : रोगव्याधिको भय, आर्थिक भार, काममा बाधा, मानसिक कष्ट।
**मकर** : मान-सम्मान, धन लाभ, अधुरा कार्य पूरा, प्रेमप्रसंगमा सफलता।
**कुम्भ** : द्रव्यलाभ, खेलकुद, परीक्षामा सफलता हात लाग्ने सम्भावना।
**मीन** : गरेका काम सफल, रोगव्याधिबाट छुट्कारा, व्यापारबाट लाभ।

# नेपाल

2017, JULY
Tuesday
25

जलजलाबाट ग्वालीचौर आउँदै गरेको ध१ज १८४ नम्बरको जिप ग्वालीचौरको बादिप भन्ने स्थानमा आउँदा सडकदेखि करिब ८ सय मिटर तल खसेको प्रहरीले बताएको छ। हिलो र ओरालो सडकमा जिप अड्याउनका लागि ओट लगाउने क्रममा चिप्लिएर सडकबाट खस्दा दुर्घटना भएको हो।

### पत्रकार मल्लको न्यायिक छानविन गर्न माग

## महासंघको विशेष मिसन टोली बाजुरामा

**दयाराम पण्डित, बाजुरा**

गत असार २९ गते पोरखेको बाटोमा हिँड्ने क्रममा पिटिएका नेपाल प्रेस युनियन बाजुरा जिल्ला अध्यक्ष एवं इमेज टेलिभिजन बाजुराका संवाददाता छक्क मल्ललाई सुनियोजितरूपमा संगीन आरोप लगाई फसाउन खोजिएको घटनाको छानविनका लागि केन्द्रस्तरीय एक कार्यदल बाजुरा पुगेको छ। सोही घटनामा बूढीनन्दा नगरपालिकाका कर्मचारी पदमबहादुर विष्ट पनि प्रहरी हिरासतमै छन्। उनलाई पनि छक्क मल्लको जस्तै संगीन आरोप लगाइएको छ।

नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टले घटनाको यथार्थ अवस्था बुझेर प्रतिवेदन पेस गर्न ७ नं प्रदेश संयोजक एवं महासंघका केन्द्रीय सदस्य प्रकाशविक्रम शाहको नेतृत्वमा एक उच्चस्तरीय टोली सोमबार बाजुरा पुगेको छ। टोलीमा पत्रकार चित्राङ्ग थापा, महासंघका पूर्वउपाध्यक्ष छत्र साउद, पत्रकार महासंघ बाजुराका अध्यक्ष प्रकाश सिंह र महासंघ बाजुराका पूर्वअध्यक्ष अर्जुन शाहलगायत पाँच सदस्सीय टोली सोमबार बाजुरा पुगेर घटना विवरणबारे बफ्रिरहेको टोलीका संयोजक एवं केन्द्रीय सदस्य शाहले जानकारी दिनुभएको छ।

अधिकार सम्पन्न उक्त टोलीले घटनाको अध्ययन गर्ने, प्रेस स्वतन्त्रताको रक्षाका साथै पकत्रकार मल्लमाथि अन्याय भएको ठहरिए महासंघले सबै संयन्त्र प्रयोग गरेर बहस पैरवी गर्ने बताइएको छ। पत्रकार मल्लमाथि लगाइएको झुटा मुद्दा खारेजी गरी उपचारको व्यवस्था गर्न नेपाल प्रेस युनियनले माग गरेको छ।

बाटोमा हिँडिरहेका पत्रकार मल्ललाई बाटोमा छोपेर कुट्ने र उनैमाथि बनावटी मुद्दा



बनाएर फसाउन खोजेको भन्दै सोको यथार्थ छानविन गरी दोषीमाथि कडाभन्दा कडा कारबाही गर्न सम्बद्ध पक्षसँग माग गरिएको नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। त्यसै गरी नेपाल पत्रकार महासंघ बाजुरा शाखाका अध्यक्ष प्रकाश सिंहले पनि विज्ञप्ति जारी गरी घटनाको निन्दा गर्दै दोषीमाथि कारबाही गर्न माग गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत् पनि विभिन्न व्यक्ति संस्थाले निन्दा व्यक्त गरेका छन्।

**महिना बित्यो, उजुरी दर्ता भएन**

बाजुरामा स्थानीय निर्वाचनपश्चात् नेपाली कांग्रेसका कार्यकर्ता शुभेक्षक भ्रातृ संगठनका सदस्यहरूप्रति भएको घटनाको प्रहरी प्रशासनले बेवास्ता गरेकोप्रति नेपाली कांग्रेस बाजुराले आपत्ति जनाएको छ।

आइतबार दिउँसो नेपाली कांग्रेसका पार्टी सभापति कविराज पण्डितको नेतृत्वमा जिल्ला प्रहरी कार्यालयमा गएको एक टोलीले आपत्ति जनाएको हो। छेडेदह गाउँपालिकामा धने नाथलाई कुटपिट गरी ज्यान मार्ने प्रयास गरेको र उक्त ज्यान मार्ने धम्कीको उजुरी दिएको एक महिना बितिसक्ता पनि प्रहरीले दर्ता नगरेको कांग्रेस पार्टी सभापति कविराज पण्डितले बताउनुभएको छ। त्यसै गरी बूढीनन्दा नगरपालिकाको पोरेखे लेखमा नेपाल पत्रकार महासंघ बाजुराका संस्थापक उपाध्यक्ष एवं नेपाल प्रेस युनियान बाजुरा शाखाका अध्यक्ष छक्क मल्लमाथि कुटपिट गरी ज्यान मार्ने धम्की दिएको र उल्टै उनै पत्रकारमाथि झुटो मुद्दा लगाई थुनामा राखेको विज्ञप्तिमा उल्लेख छ।

बूढीगंगा नगरपालिकामा नेपाली कांग्रेसका कार्यकर्ता छत्र रौलमाथि मरणासन्न हुने गरी कुटपिट गरेर छोडेको तर, जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदा सौतेनी व्यवहार गरेकोप्रति आपत्ति जनाइएको छ। एक महिनासम्म पनि दिएको उजुरी दर्ता नगर्नुमा प्रहरी प्रशासनमा पनि शंका रहेको र एक दिनभित्र तीन ओटै उजुरी दर्ता नगरे सिंगो कांग्रेस आन्दोलनमा जाने चेतावनी समेत दिएको छ। उता जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक किष्ण खड्काले भने घटनाको मुचुल्का गरेपछि मात्र मुद्दा दर्ता हुने बताउनुभएको छ।

पत्रकार मल्ललाई बयानका लागि सोमबारै जिल्ला सरकारी वकिलको कार्यालयमा पेस गरिएको छ। कुटपिटका मुख्य नाइके भनिएका नर राउतलगायत चार जना प्रहरी हिरासतमै छन्। बनावटी मुद्दाका विरुद्धमा लड्न सम्पूर्ण पत्रकार, मानवअधिकारवादी संघसंस्था, महिला अधिकारवादी संस्था, नेपाल बार यसोसिएसनलगायत अधिकारकर्मीलाइ अनुरोध गरिएको छ। न्याय पाउन न्यायालयको ढोकामा गएका पत्रकार उल्टै झुटा आरोपमा सुनियोजित प्रपञ्चका साथ फसाउन खोजेपछि नेपाल प्रेस युनियनको सिंगो केन्द्रीय समिति र सिंगो पत्रकार जगत लाग्ने महासचिव शिवाकोटीले बताउनुभयो।

## जिप दुर्घटनामा ४ को मृत्यु

**सिर्जना पन्त, बागलुङ**

बागलुङको बडिगाड गाउँपालिका-५ गवालीचौरमा सोमबार बिहान पिकअप जिप दुर्घटना हुँदा चालकसहित ४ जनाको घटनास्थलमै मृत्यु भएको छ। अन्य ६ जना घाइते भएका छन्। दुर्घटनामा चालक बडिगाड-४ का तुलबहादुर पुनसहित बडिगाड-५ का मुक्तबहादुर पाइजा, बडिगाड-८ का नारायण शेरबुजा र बडिगाड-४ का हुमेन काउचाको घटनास्थलमै मृत्यु भएको प्रहरी चौकी खारका असई विष्णुप्रसाद लम्सालले बताउनुभयो।

घाइते हुनेमा बडिगाड-८ का ३९ वर्षीय टेकबहादुर पाइजा, बडिगाड-८ की २९ वर्षीया बालमती पाइजा र उनका १२ वर्षीय छोरा दिनेश पाइजा तथा ४ वर्षीया छोरी दीपशिखा पाइजा, बडिगाड-४ का २१ वर्षीय भीमबहादुर श्रीश र बडिगाड-५ का २६ वर्षीय भीम शेरबुजा रहेको प्रहरीले बताएको छ। घाइतेहरूलाई ग्वालीचौर स्वास्थ चौकीमा सामान्य उपचारपछि नेपाली सेनाको एमआई १७ हेलिकोप्टरबाट थप उपचारका लागि वीर अस्पताल काठमाडौं लगिएको प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जानकारी दिनुभएको छ। घाइतेहरूको अवस्था गम्भीर भएको र सदरमुकाम ल्याउन सम्भव नभएको कारणले गृह मन्त्रालयसँग अनुरोध गरेर सेनाको हेलिकोप्टर मगाएको तिवारीले बताउनुभएको छ।

जलजलाबाट ग्वालीचौर आउँदै गरेको ध१ज १८४ नम्बरको जिप ग्वालीचौरको बादिप भन्ने स्थानमा आउँदा सडकदेखि करिब ८ सय मिटर तल खसेको प्रहरीले बताएको छ। हिलो र ओरालो सडकमा जिप अड्याउनका लागि ओट लगाउने क्रममा चिप्लिएर सडकबाट खस्दा दुर्घटना भएको हो।

### भीरबाट फाल हानिन् महिला

रुकुम, (नेस)

रुकुममा भीरबाट हाम फाल्दा एक महिलाको मृत्यु भएको छ। आठबिसकोट नगरपालिका-९ बस्ने ३० वर्षीया कृष्णा शाहीको मृत्यु भएको हो। आइतबार बिहान घर नजिकैको भीरबाट हाम फाल्दा गम्भीर घाइते भएकी शाहीको उपचारका क्रममा आइतबार ११ बजेतिर मृत्यु भएको हो।

सामान्य घरायसी विवादका कारण शाहीले भीरबाट हाम फालेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ। भीरबाट हाम फालेर गम्भीर घाइते शाहीलाई उपचारका क्रममा आठबिसकोट स्वास्थ्यचौकीमा लगिएको थियो। तर, उपचारका क्रममा उनको मृत्यु भएपछि पोस्टमार्टमका लागि शाहीलाई त्रिवेणी नलगाड नगरपालिका दल्ली, जाजरकोटमा लगिएको बताइएको छ। मृतक शाहीका घरमा ३ बच्चा र श्रीमान छन्।

### ट्याक्टर पल्टिँदा २ को मृत्यु

**कृष्णउदा खनाल, वीरगन्ज**

छिमेकी देश भारतको मोतीहारी जिल्ला अन्तर्गतको रक्सौल ग्राम पञ्चायत पनटोकाका दर्शनार्थी सवारी ट्याक्टर दुर्घटनामा पर्दा दुईजना भक्तजनको मृत्यु भएको छ।

भक्तजनहरू सवार भएको ना५त ३६३० नम्बर को ट्याक्टर पर्साको दुग्धेश्वर माहदेव मन्दिर भाठामा सोमबारको जल चढाउन गइरहेको अवस्थामा आइतबार राति सखुवाप्रसौनी गाउँपालिका-५ बलुवा र देवारबनाको बीच पर्ने सडक खण्डमा ट्याक्टर सडकबाट १० मिटर तल खेतमा मध्यरातको १२ बजे पल्टिँदा ट्याक्टरमा सवार २५ जना घाइते भएको पर्सा प्रहरीले जनाएको छ।

दुर्घटनामा परी उक्त स्थानका ५० वर्षीय महेन्द्र पसवान र ९ वर्षीया बालिका पूजा कुमारीको उपचारका क्रममा मृत्यु भएको हो। उनीहरूको नरायणी उपक्षेत्रीय अस्पताल वीरुगन्जमा उपचारका क्रममा ज्यान गएको पर्सा प्रहरीले जनाएको छ।

अन्य घाइतेहरूको भने नारायणी अस्पताल वीरगन्जमा नै उपचार भइरहेको छ। गम्भीर घाइते हुनेमा पन्टोकाकै राधिकादेवी पसवान, सन्तोष राम, बिटु कुमार साह, शोभादेवी राम, सुमिन्त्रा राम र ट्याक्टर चालक बुनिलाल राम रहेका छन्। उनीहरू सबै साउने सोमबारका लागि उक्त मन्दिरमा दर्शनका लागि आएका हुन्। पर्साको उक्त मन्दिरमा साउन महिनाभर मेला लाग्ने गर्दछ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**माईग्रसन हरायो**

मिति २०७४/०३/२० गते टाहाचल देखि चावहेल सम्म जाँदा मेरो निम्म वमोजिमको माईग्रसन हराएको हुदाँ फेला पार्नुहुने माहानुभावले नजिकैको प्रहरी कार्यलय वा तलको ठेगानामा खवर गरिदिनुहुनु अनुरोध गर्दछु।
**नाम थर** : सजक श्रेष्ठ
**रजिष्टेसन नं.** : ०८९९७९३
**सर्म्पक नं.** : ९८४१२८८४९६, ९८४९५२७५३९

**मोटरसाईकल हरायो**

मिति २०७४/०२/१५ गते बेलुका ७ बजे बालाजु पारकिङग् गरेको ठाउँबाट वा.७९प.४६१९ नम्वरको कालो रातो रंगको पल्सर २२० सि.सि को मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने माहानुभावले नजिकैको प्रहरी कार्यलय वा तलको ठेगानामा खवर गरिदिनुहुनु अनुरोध गर्दछु।
**नाम** : संगे लामा
**ठेगाना** : वसन्तपुर, काठमाडौं
**ईन्जिन नं.**: DKZCGF 46026
**च्यसिस नं.**:MD2A13EZ3GCF29281
**सर्म्पक नं.** : ९८०३५०४३६३

## श्रीमान्सहित तीनलाई मानव बेचबिखन मुद्दा

**नेपाल समाचारपत्र**

बाँके

चार वर्षअघि विवाह। केही दिनपछि नै दुवै जना आ-आफ्नै घरतिर। भारतमा मजदुरी गर्न गएका युवकले फोन सम्पर्क गरे पनि माइतीमा बसेर पढ्दै गरेकाले किशोरीको बेवास्ता।

यसरी नै बित्यो चार वर्ष। यसबीचमा श्रीमान् खगेन्द्र शाहीले आफ्नी दिदी (श्रीमतीको भाउजू) लाई फोन गरेर अब मिलेर बस्ने बतायो। माइतीमा बसेकी श्रीमतीको पेट दुखिरहने कुरा दिदीले खगेन्द्रलाई बताइन्। त्यसपछि खगेन्द्रले बनायो, भारतमा उपचारका नाममा लगेर श्रीमतीलाई बेच्ने रणनीति।

खगेन्द्रले सुर्खेतमा ल्याएर श्रीमतीको उपचार गर्ने आश्वासन दियो। माइतीमा बसेकी श्रीमतीलाई घरपरिवारले फकाएर उपचार गरिदिन्छ भने जाऊ भनेर पठाए। खगेन्द्र जुम्लाका विशाल शर्मा र जाजरकोटका शेरबहादुर महतराका साथ नेपाल आएको थियो। साउन ४ गते नेपालगन्ज आइपुगेका तीन जनामध्ये खगेन्द्र मात्रै सुर्खेत गयो। उसले त्यहाँ श्रीमतीलाई फकाएर नेपालगन्जसम्म ल्यायो। नेपालगन्जमा पनि उपचार हुँदैन अब भारत जानुपर्छ भनेर तीन जनाले किशोरीलाई फकाउन/धम्क्याउन थाले। यहीबीचमा किशोरी भागेर बस चढेर कोलहपुर पुगेर प्रहरीको सम्पर्कमा आइन्।

प्रहरीले श्रीमान खगेन्द्र र उनका दुई साथीलाई पक्राउ गर्‍यो। सामान्य केरकारमै खगेन्द्रसँग पैसा नभएको खुल्यो। श्रीमतीको उपचार गर्न आएका खगेन्द्रलाई भाडासम्म विशालले हालेका थिए। सुर्खेतमा उपचार गर्छु भनेर दैलेखबाट श्रीमती बोलाउने, त्यहाँ हुन्न भनेर नेपालगन्ज ल्याउने र यहाँ पनि हुँदैन भनेर भारत जान दबाब दिने र आफूसँग पैसासमेत नहुने गतिविधिले गर्दा बेच्ने नियत देखिएको प्रहरीको भनाइ छ। 'अर्काको श्रीमती लिनका लागि भाडा हालेर श्रीमान्लाई कसले ल्याउँछ', एक प्रहरी अधिकृतले भने- 'झुटमाथि झुट बोलेका उनीहरूको गतिविधिले पनि हामीलाई ठूलो शंका लागेको हो।'

इलाका प्रहरी कार्यालय, कोहलपुरले खगेन्द्र, विशाल र शेरबहादुरलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दा चलाएको छ। विशाल र शेरबहादुरले किशोरीलाई नाकामा प्रहरी या अरू कसैले कहाँ जान थालेको भन्यो भने भारतमा उपचार गर्न जान थालेको भन्न सिकाएका थिए।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुंडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

वर्षाका कारण शनिबार दिउँसो घर भत्किएपछि उनी छोराछोरीसहित नजिकैको छाउगोठमा बसिरहेकी छन्। घरमा कोही नभएको बेला घर भत्किएको थियो। मानवीय क्षति नभए पनि घरमा भएको अन्नपात, लुगाफाटो र भाँडाकुँडाहरु सबै पुरिएपछि आफूलाई निकै समस्या भएको उनले बताइन्।

# नेपाल

# साढे चार हजार बढी मतदाता थपिए

नरेन्द्र केसी, दाङ



निर्वाचन आयोगले पुन: मतदाता नामावली संकलन थालेपछि दाङमा साढे चार हजार मतदाता थपिएका छन्। साउन १ गतेबाट नामावली संकलन शुरू गरिएको थियो। पहिलो दिन २ सय ६८, दोस्रो दिन ६ सय १७, तेस्रो दिन ७ सय ४७, चौथो दिन ६ सय ३०, पाँचौं दिन ६ सय ५, छैटौं दिन ६ सय ५०, सातौं दिन २ सय ९० र आठौं दिन आइतबार ७ सय ७२ मतदाताले नाम लेखाएको जिल्ला निर्वाचन कार्यालय दाङले जनाएको छ। योसँगै दाङमा ४ हजार ४ सय ७९ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालय दाङले नाएको छ।

आइतबार जिल्ला निर्वाचन कार्यालयमा निकै भीडभाड देखिएको थियो। निर्वाचन आयोगले स्थानीय तहबाटै मतदाता संकलन गर्ने निर्णय गरेपछि जिल्लाका अन्य भागबाट मतदाता नाम लेखाउन नआए पनि घोराही उपमहानगरपालिकाका विभिन्न वडाबाट जिल्ला निर्वाचन कार्यालयमै आउनुपर्ने भएकाले नाम लेखाउन आउने मतदाताको संख्या घटेको छैन।

पछिल्लो समयमा राजनीतिक दलहरूले नै गाउँबाट अगुवाइ गरेर मतदातालाई ल्याउने गरेकाले पनि मतदाताको संख्या बढेको हो। निर्वाचनको क्रममा धेरै मतदाता छुटेको पाइएकाले कार्यक्रम नै बनाएर मतदातालाई निर्वाचन कार्यालय जान प्रेरिरत गरिरहेको नेकपा माओवादी केन्द्र घोराही उपमहानगर अध्यक्ष विश्वराज आचार्यले जानकारी दिनुभयो। गाउँबाट ल्याउन मात्र होइन, गाउँबाट आएका मतदाताको फाराम भरिदिनेलगायतका स्वयंसेवामा पनि कार्यकर्ता परिचालन गरिएको उहाँले जानकारीदिनुभयो।

यसअघि दाङमा २ लाख ९१ हजार ९ सय ४१ मतदाता रहेका थिए। जसमा १ लाख ४८ हजार २ सय ३१ महिला र पुरुष मतदाता १ लाख ४३ हजार ७ सय ८ रहेका थिए। सबैभन्दा धेरै घोराही उपमहानगरपालिकामा ७८ हजार ६ सय ४७ मतदाता रहेका थिए भने सबैभन्दा थोरै राजपुर गाउँपालिकामा १० हजार ४ सय ५२ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय दाङले जनाएको छ।

निर्वाचन आयोगले गाउँपालिका र नगरपालिका कार्यालयहरूमार्फत साउनको १६ गतेदेखि ३२ गतेसम्म नाम दर्ताको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिसकेको छ। जिल्ला निर्वाचन कार्यालयहरूमा भने निर्वाचन मिति घोषणा नहुन्जेल मतदाता नामावली संकलन कार्य जारी रहने आयोगले जनाएको छ। त्यस्तै आयोगले जुन जिल्लाको मतदाता भए पनि आफू बसेकै ठाउँबाट नामावलीमा नाम लेखाउने व्यवस्था गरेको छ।

## लमजुङ राप्रपाले घरभाडा तिरेन

लमजुङ, (नेस)

लमजुङ जिल्लास्थित राष्ट्रिय प्रजातन्त्र पार्टीको जिल्ला समितिले विगत तीन वर्षदेखि कार्यालयको घरभाडा नतिरेको खुलासा भएको छ। सो दलको कार्यालयका घरबेटी बालकृष्ण वाग्लेले पत्रकार भेटघाटको आयोजना गरी १ लाख ६९ हजार रुपियाँ घरभाडा बाँकी रहेको सोमबार बताउनुभएको हो।

बेंसीशहर नगरपालिका-८ सेरा ओरालोमा भूपूसैनिक डेन्टल होम रहेको घरमा राष्ट्रिय प्रजातन्त्र पार्टीको जिल्ला शाखाको कार्यालय रहेको छ। पत्रकारहरूलाई एक प्रेस वक्तव्य वितरण गर्दै घरबेटी वाग्लेले उक्त पार्टीले आफूलाई तिर्नुपर्ने घर भाडा २०७१ सालको ३० हजार, २०७२ सालको मासिक ४ हजार ५ सयका दरले ५४ हजार, २०७३ सालको मासिक ५ हजारका दरले ६० हजार रुपियाँ र २०७४ सालको वैशाखदेखि असार मसान्तको १५ हजारसमेत गरी कुल १ लाख ५९ हजार रुपियाँ र साउन ९ गतेको मितिसम्मको पनि भाडा बाँकी रहेको उल्लेख छ।

उहाँले घरधनीका नाताले पटकपटक सो रकम माग गरिआएकोमा उनीहरूले आज-आज भोलि भन्दै टार्ने गरेको वाग्लेले वक्तव्यमा खुलाउनुभएको छ।

# स्थानीय तहमा मुद्दाको चाप

नेपाल समाचारपत्र

काभ्रे

संविधानले स्थानीय तहमा नगरको उपप्रमुख र गाउँपालिकाको उपाध्यक्षलाई देवानी प्रकृतिका मुद्दा हेर्न सक्ने व्यवस्था गरेसँगै सर्वसाधारणहरू न्यायका लागि निवेदन बोकेर स्थानीय तहमा धाउन थालेका छन्।

सोमबार धुलिखेल नगरपालिका र संवाद तथा शान्ति मञ्च काभ्रेले आयोजना गरेको न्याय र संविधान प्रदत्त अधिकारका बारेमा अभिमुखीकरण कार्यक्रममा बोल्दै न्यायिक समितिका संयोजकसमेत रहेका उपप्रमुख र उपाध्यक्षहरूले उक्त कुरा बताएका हुन्। 'न्यायिक समितिले गर्न सक्ने संवैधानिक अधिकार, जिल्ला अदालत र स्थानीय तहसँगको सम्वन्धका बारेमा उपप्रमुख र उपाध्यक्षहरूलाई कानुन नबन्दै पनि जानकारी दिने प्रयास गरेका हौं', धुलिखेल नगरपालिकाका प्रमुख अशोक व्याञ्जुले भने- 'स्थानीय तहमा नागरिकहरूले मुद्दा छिनोफोनो गर्न उजुरी लिएर आउन थालेपछि त्यसका बारेमा भएको व्यवस्थाका बारेमा प्रस्ट बनाउन विज्ञसहितको अभिमुखीकरण आयोजना गरिएको हो।'

संवाद तथा शान्ति मञ्चकी अध्यक्ष सरिता सापकोटाले न्यायिक समितिले गर्ने फैसला अगावै विवादहरूलाई समुदायमै मेलमिलाप गराउन सक्ने आधार, त्यसको सीप र उजुरीपछिको प्रक्रियाका बारेमा जानकारी गराउने उद्देश्यले जनप्रतिनिधिहरूलाई अभिमुखीकरणको खाँचो रहेको बताइन्। विषय विज्ञ जिल्ला न्यायाधिवक्ता तिलकबहादुर कार्की र कानुनविद् केदार कोइरालाले सहभागी जनप्रतिनिधिलाई न्यायिक समितिका संयोजक र सदस्यहरूले प्राप्त गरेको जिम्मेवारी र जिम्मेवारी निभाउने विषयमा जानकारी गराएका थिए। 'जिल्ला अदालत र स्थानीय तहबीचको सम्बन्ध कहाँ हुन्छ ? स्थानीय तहमा भएको फैसलालाई जिल्ला अदालतले कसरी हेर्न सक्छ ? न्यायिक समितिको निर्णयका विरुद्ध जिल्ला अदालतमा कसरी जान सकिन्छ ? जनप्रतिनिधिहरूको चासो यसमै धेरै रहेको छ' -जिल्ला न्यायाधिवक्ता कार्कीले भने।

कानुनविद् केदार कोइरालाले न्यायिक समितिको अधिकार क्षेत्रका बारेमा कानुन बन्दै गरेको भए पनि संविधानले गरेको व्यवस्थाअनुसार व्यावहारिक रूपमा फैसला गर्ने, कानुनी आधारमा फैसला गर्न सक्ने देवानी प्रकृतिका मुद्दाहरूमा निर्णय गर्न सक्ने बताए। कार्यक्रममा धुलिखेल नगरपालिकाका उपप्रमुख विमला शर्माले बोक्सी आरोपलगायतका उजुरीहरू आउन थालिसकेको बताइन्। संवाद तथा शान्ति मञ्चकी अध्यक्ष सरिता सापकोटाले हरेक विषयलाई पक्ष विपक्ष लिएर निर्णय गर्नु अगाडि मेलमिलापको माध्यम अपनाउन सकिने भएकाले त्यसका लागि आफ्नो संस्थाले सहजीकरण गर्ने भएकाले जनप्रतिनिधिलाई समन्वयका लागि आग्रह गरिएको बताइन्।

कार्यक्रममा धुलिखेल नगरपालिकाका प्रमुख अशोक व्याञ्जुले स्थानीय तहमा हुने विभिन्न खाले समस्या समाधानका लागि न्यायिक समितिको क्षमता वृद्धि र नागरिकहरूलाई शान्तिको महसुस गराउन सबै पक्षको जित जितको अवस्था ल्याउने गरी कार्य गर्न सल्लाह दिए।

# वर्षाले घर भत्किएपछि बिचल्ली

ललित सिंह, बझाङ



दुई हप्तादेखि लगातार भइरहेको वर्षाले घर भत्किएपछि एक जना एकल महिला र उनका बालबालिकाको बिचल्ली भएको छ। जयपृथ्वी नगरपालिका-७ नौराकी सीतादेवी सिंह र उनका दुई छोराछोरी बिचल्लीमा परेका हुन्।

वर्षाका कारण शनिबार दिउँसो घर भत्किएपछि उनी छोराछोरीसहित नजिकैको छाउगोठमा बसिरहेकी छन्। घरमा कोही नभएको बेला घर भत्किएको थियो। मानवीय क्षति नभए पनि घरमा भएको अन्नपात, लुगाफाटो र भाँडाकुँडाहरू सबै पुरिएपछि आफूलाई निकै समस्या भएको उनले बताइन्।

छिमेकीहरूले सहयोगस्वरूप दिएको खाना खाएर गुजरा चलाइरहेको र एक मात्र कोठा र झ्याल पनि नभएको साँघुरो छाउगोठमा खाना पकाउन र ३ जनालाई सुत्न निकै समस्या भइरहेको उनले बताइन्। ३ वर्ष अघि श्रीमान् गुमाएकी ४० वर्षीया सीताले यसअघि गाउँमै ज्याला मजदुरी गरेर दुई छोराछोरीको पढाई खर्च र परिवारको गुजरा चलाउँदै आएकी थिइन्।

गाउँकै सबैभन्दा कमजोर आर्थिक अवस्था भएकी उनले आफ्नो सर्वश्व गुमेको बताउँदै भनिन्- 'भएको अन्नपात लत्ताकपडा सबै खत्तम भइहाल्यो। यो साँघुरो गोठमा तीन जना सुत्न पनि गाह्रो हुन्छ। खाना पकाउन आगो बाल्दा धूवाँले निसास्सिएर मरौंलाझैं हुन्छ। वर्षाले मेरो त बित्यासै पार्‍यो।' सुत्ने ठाउँ दुई जनालाई मात्र पुग्ने भएकाले आफूहरूले पालैपालो सुत्ने गरेको उनले सुनाइन्।

जिल्ला प्रशासन कार्यालयबाट नगद ३ हजार राहत दिलाउन आफूले सहयोग गरेको बताउँदै वडा अध्यक्ष नरेन्द्रबहादुर सिंहले वडा कार्यालयमा यससम्बन्धी कुनै व्यवस्था नभएकाले केही गर्न नसकिएको बताए। सीताको परिवार निकै समस्यामा रहेको बताउँदै उनले भने- 'जिल्ला प्रशासनले ३ हजारभन्दा बढी दिन मिल्दैन रहेछ। कतैबाट सहयोग खोजेर भए पनि उनीहरूको बासको व्यवस्था गर्न प्रयास गरिरहेका छौं। उनको परिवार निकै समस्यामा छ।' तत्काल बाँसको व्यवस्था गर्न नसकिए उनका छोराछोरीको पढाइ पनि प्रभावित हुन सक्ने अवस्था रहेको भन्दै सिंहले सहयोग जुटाउन आफू लागिपरेको बताए।

# द्वन्द्वपीडितको घाउमा मलमपट्टी

नेपाल समाचारपत्र

जुम्ला

जुम्लाका द्वन्द्वपीडितले राहत पाएपछि घाउमा मलमपट्टी लागेको महसुस गरेका छन्। दशवर्षे सशस्त्र द्वन्द्वको प्रभावका कारण अझैसम्म पीडा खेपिरहेका द्वन्द्वपीडितले राहत पाउँदा थोरै भए पनि घाउमा मलमपट्टी लागेको महसुस गरेका हुन्। स्थानीय शान्ति समितिको सिफारिसको आधारमा जिल्ला प्रशासन कार्यालयले ४ सय ९६ जना द्वन्द्वपीडितलाई आइतबार बैंकमार्फत् राहत रकम वितरण गरेपछि घाउमा मलमपट्टी लागेको द्वन्द्वपीडितले प्रतिक्रिया दिएका थिए।

आर्थिक वर्ष २०७३/०७४ का लागि जुम्लामा द्वन्द्वपीडितको नाममा प्राप्त भएको १६ करोड १३ लाख ५२ हजार २ सयमध्ये ४ सय ९६ जना द्वन्द्वपीडितलाई १५ करोड ८३ लाख ५३ हजार ८ सय रकम वितरण गरिएको छ।

कार्यदलका संयोजक राजकुमार शाहीका अनुसार २ सय ७७ जना मृतक, ५ जना बेपत्ता, ७ जना कर्मचारी, १ सय १३ अपहरण, ८३ विस्थापित र टुहुरा ११ जनाले राहत बुझेका छन्। जसमध्ये मृतक २ सय ७७ जनामा २ सय ५८ जनालाई ५ लाख, १ जनालाई ७ लाख, १ जनलाई ८ लाख ५० हजार र १६ जनालाई १० लाख रुपियाँ राहत वितरण गरिएको छ।

उहाँका अनुसार मृतक र बेपत्ताले १० लाख र अपहरण तथा विस्थापित परिवारले प्रति व्यक्ति २५ हजारका दरले राहत रकम पाएका छन्। जम्मा बजेटमा ११ हजार २ सय रुपियाँ फ्रिज गएको निमित्त प्रमुख जिल्ला अधिकारी टेकबहादुर बुढथापाले बताउनुभयो।

## जंगली हात्तीको आतंक

महोत्तरी, (नेस)

बर्दिवास नगरपालिकाको गौरीवास क्षेत्रमा जंगली हात्तीको आतंक बढेपछि स्थानीय चिन्तित भएका छन्।

गौरीवास क्षेत्रमा जंगली हात्तीले घर भत्काउने र बालीनाली नोक्सान गरेपछि यहाँका स्थानीय चिन्तित तथा हैरान भएका छन्। पाटुका सामाजिक कार्यकर्ता दिलीप थापाले एक सातादेखि पुन: जंगली हात्तीको आतंक गौरीवासलगायत पर्साहीधाप, रजवास, कालापानी, पाटु र गौरीडाँडासहितमा बढेको बताउँदै गत बुधबार पर्साहीधापमा एउटा घर भत्काएर तलतिर झारेको र शुक्रबार पुन: गौरीडाँडाका लालबहादुर घिसिङको घरमा भित्ता ढालेकाले यहाँका स्थानीय चिन्ताले रातभरि शान्तसँग सुत्न समेत नसकेको बताए।

## स्थानीय तहमा कर्मचारी खटिए

सल्यान, (नेस)

सल्यानका १० वटा स्थानीय तहमा कर्मचारीहरू खटाइएको छ। पहिलो चरणमा वैशाख ३१ गते सम्पन्न भएको स्थानीय निर्वाचनबाट स्थानीय तहमा जनप्रतिनिधिहरू आइसकेपछि जिल्लाका १० वटै स्थानीय तहमा १ सय ८१ जना कर्मचारी खटाइएको जिल्ला प्रशासन कार्यालय सल्यानले जनाएको छ। जिल्ला प्रशासन कार्यलयमा बसेको बैठकले जिल्लाको विभिन्न सरकारी कार्यालयबाट स्थानीय तह अन्तर्गत नगरपालिका तथा गाउँपालिकामा कर्मचारी खटाएको हो।

कार्यालयका अनुसार र जिल्ला कृषि विकास कार्यालयबाट ४४ जना, जिल्ला समन्वयन समितिबाट ३७ जना, पशुसेवा कार्यालयबाट ३७ जना, जिल्ला शिक्षा कार्यालयबाट २५ जना, महिला तथा बालबालिका कार्यालयबाट १२ जना खटाइएको छ। त्यसै गरी जिल्ला प्राविधिक कार्यालयबाट ६ जना, जिल्ला वन कार्यालयबाट ६ जना, खानेपानी तथा सरसफाइ डिभिजनबाट ५ जना, जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रबाट ४, जिल्ला युवा समितिबाट ३ र जिल्ला भूसंरक्षणबाट २ जना गरी १ सय ८१ जना कर्माचारी स्थानीय तहमा पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी श्रीधर टण्डनले जानकारी दिनुभएको छ।

जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकबाट स्थानीय तहमा हाल सदरमुकाममा रहेका विषयगत सरकारी कार्यालयबाट गाउँस्तरमा कर्मचारी खटिएसँगै स्थानीयले संघीयता लागू भएको तथा गाउँस्तरमै सिंहदरबारको सेवा गाउँमै प्राप्त गर्ने महसुस हुने उहाँले बताउनुभयो।

## औषधि व्यवसायीद्वारा सहयोगी माग

लमजुङ, (नेस)

औषधि व्यवसायीहरू व्यवसाय सहयोगीको माग गरेका छन्। औषधि व्यवसायी संघ लमजुङ उपशाखाको दोस्रो वार्षिक साधारणसभा सो माग गरेका हुन्।

कार्यक्रमका प्रमुख अतिथि औषधि व्यवसायी संघको गण्डकी शाखाका अध्यक्ष रामबहादुर केसीले औषधि व्यवसायमा ३/४ वटा समस्या रहेको र संघले समाधानको पहल गरेको बताउनुभयो। उहाँले व्यवसाय सहायक, क्लिनिक दर्ता तथा लागूऔषधका समस्याबाट व्यवसायी मर्कामा पर्ने गरेको बताउनुभयो। उहाँले हामीले बेच्ने २/४ ट्याब्लेटले हाम्रो देश लागूऔषधमा अन्तर्राष्ट्रिय स्तरमै बदनाम भएको हैन, तथापि कतै कुनै व्यवसायी नियत वश संलग्न भए संघले त्यस्तालाई बचाउन नसक्ने बताउनुभयो। उहाँले मिति सकिएको औषधिको क्षतिपूर्ति ऐन आइसकेको र सबै प्रकारका औषधि फिर्ता हुने हुँदा त्यस्ता समाचार लेख्दा विचार पुर्‍याइदिन पत्रकारहरूको ध्यानाकर्षण गर्दछु भन्नुभयो।

सहायक प्रजिअ कृष्णप्रसाद पौडेलले मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने औषधि व्यवसाय भएको हुँदा यसमा व्यावहारिक बन्न सक्ने अवस्थामा जोड दिनुभयो।

VACANCY ANNOUNCEMENT

Nepal Netra Jyoti Sangh (NNJS), a leading eye care NGO is seeking applications from qualified and energetic Nepali candidates for the position of Ophthalmologist and Hospital Manager for

**Dr. Ram Prasad Pokhrel Eye Hospital, Dhankuta**

**Qualification for Ophthalmologist**
- MD in Ophthalmology from recognized university
- Minimum 2 years experience in any eye hospital

**Salary & Benefits:** As per Organization's rules

**Qualification for Hospital Manager:**
- MBA with good knowledge on Human Resource Management, Financial Management & Information Management.
- Good computer skills (MS Office, Word, Excel, PowerPoint, Email, Internet)
- Experience in hospital management is preferable

**Salary & Benefits:** As per Organization's rules

**Application and selection procedure:**
Please send complete application with Cover Letter (explaining why you think you are suitable for the post), CV and Photo **by mail to: NNJS Human Resource Department, PO.Box- 335, or Email: hr @nnjs. org.np**
- Deadline for accepting applications: **10th August 2017**
- Any telephone enquiries will disqualify the candidacy.

Only short listed candidate will be notified for further process of recruitment.

Nepal Netra Jyoti Sangh
National Society for Comprehensive Eye Care

**भूमिसुधार कार्यालय सुनसरीबाट जिल्ला सुनसरी तनमुना गा.वि.स. वार्ड नं. १ भई हाल दुहवी नगरपालिका न.पा. वार्ड नं. ११ बस्ने जग्गाधनी श्यामबिहारी साहको नाममा जारी भएको ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना**

जिल्ला सुनसरी, पूर्वकुशाहा गा.वि.स. वार्ड नं. ६ भई हाल दुहवी नगरपालिका न.पा. वार्ड नं. १२ बस्ने मोही रविलाल झागडले तपाई जग्गाधनीका नाममा दर्ता भएको जिल्ला सुनसरी, पूर्वकुशाहा ५(ख) कि.नं. २ को जग्गा बिगाहा २-१-२ जग्गाको मोही म भएकोले मोही लागेको जग्गा बाडफाँड गरी मोही लगत कट्टा समेत गरी पाउ भनी यस कार्यालयमा द.नं. ५५१० मिति २०७४/०२/०७ गते निवेदन दिनु भएकोले तपाईका नाममा नियमानुसार म्याद जारी गर्दा उक्त म्याद तपाईको घरदैलोमा टाँस भई आएको देखिदा पून: तपाई जग्गाधनीका नाममा यस कार्यालयको मिति २०७४/०४/०८ को आदेशानुसार विषेश अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना प्रकाशित गरिएको छ । निवेदकको माग बमोजिम जग्गा बाडफाँड गरी मोही लगत कट्टा गर्न नपर्ने कुनै कारण भएमा स-प्रमाण म्याद भित्र आफै वा कानून बमोजिमको वारेश मुकरर गरी लिखित जवाफ पठाउनु होला । म्याद गुजारी बसेमा कानुन बमोजिम भैजाने छ र पछि तपाईको कुनै उजुर नलाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००१ पौष २४ गते

स्वर्गारोहण
वि.सं. २०७४ असार २९ गते

स्व. प्रेम कुमारी माथेमा

यस माथेमा सामाजिक गुठीका सदस्य मुरारी भक्त माथेमाका
**श्रीमति प्रेम कुमारी माथेमा**को असामयिक
स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा
दिंवगत आत्माको चिरशान्तिको कामना गर्दै
भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौं ।
साथैं यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा
हार्दिक समवेदना व्यक्त गर्दछौं ।

माथेमा सामाजिक गुठी
ओमवहाल, काठमाडौं

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय
विराटनगर

सूचीदर्ता सम्बन्धी सूचना

प्रकाशित मिति :२०७४।०४।१०

यस निर्देशनालयलाई आ.व.०७४/७५ को लागि आवश्यक पर्ने वा पर्न सक्ने विभिन्न सामान तथा सेवाहरु आवश्यकता अनुसार सार्वजनि खरिद नियमावली २०६४ को नियम १८ बमोजिम सूचिकृत व्यक्ति, फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने प्रावधान रहेको हुँदा इच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीले नविकरण सहितको फर्म दर्ता, आयकर दर्ता, मू.अ.कर दर्ता र आ.व. ०७३/७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्येक शिर्षकको लागि छुट्टाछुट्टै खामबन्दी गरी रु.१०।- को टिकट टाँसी यस निर्देशनालय खरिद ईकाईमा कार्यालय समयभित्र सूचि दर्ता गराउन सूचित गरिन्छ। साथै सूची दर्ता गराउने अन्तिम दिन विदा परेमा भोलिपल्ट कार्यालय खुलेको समयमा दर्ता गराउन सकिनेछ । विस्तृत जानकारीको लागि यस निर्देशनालयको सूचना पाटीमा हेर्न वा फोन नं.०२१-४७०४१० मा सम्पर्क गर्न हुन अनुरोध छ।

VACANCY ANNOUNCEMENT

**Company Profile:**
**Reanda Biz Service** was incorporated in Nepal with a primary objective of providing consulting services to business community.

**Key Job Description:**
- Responsible for maintaining and expanding Reanda Biz Serve's network with a strong focus on Dutch investors and business from European countries.
- Explore prospects for market development of the services provided by the company to increase the investments from Netherlands and other European countries.
- Developing the sales strategy and marketing efforts to attract Dutch clients and Europe based companies.
- Assist with sales processes including prospect prioritization, initial contact and pursuit strategy and overall management of new customer acquisition based in Europe.

**Minimum Qualification:**
- Excellent verbal, written and interpersonal communication skills in both English and Dutch (C2 Proficient) with excellents skills to interpret and translate Dutch to English and vice versa.
- Understanding of the Dutch culture and the way of doing business.
- Masters' dgree in the field of Business, Law or Finance with more than 3 years experiences in related field.

**Deadline:** The interested candidates shall email their CV and Cover letter in bizserve@bizserve.com.np within 3rd of August 2017

नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, JULY Tuesday 25



# विश्व

### विस्फोट

उत्तरपूर्वी नाइजेरियाको विस्थापितहरूका लागि सञ्चालित शिविरमा भएको आत्मघाती बम विस्फोटमा मारिएकाहरूको शव संकलन गरिँदै।



### आक्रमण

अफगानिस्तानको काबुलमा गरिएको आत्मघाती आक्रमणमा ध्वस्त भौतिक संरचना। सो घटनमा ३० जनाको ज्यान गएको छ।



**विश्व २ मिनेट**

**अमेरिका**

## बुसद्वारा आलोचना

न्युयोर्क, (एजेन्सी)

पूर्व फ्लोरिडाका गभर्नर जेब बुसले सन् २०१६ राष्ट्रपतीय प्राइमरीका आफ्ना पूर्व प्रतिद्वन्द्वी राष्ट्रपति डोनाल्ड ट्रम्पको आलोचना गरेका छन्। ट्रम्पको कार्यकाल ६ महिना पूरा भएकामा उनको आलोचना गर्दै ट्रम्पको प्रशासनिक अस्थिर शैली र आफ्नो नीतिको उद्देश्यमा केन्द्रित रहन असफल भएकामा बुसले कडा प्रहार गरेका थिए। न्युयोर्कमा ओजेडवाइमा बोल्दै बुसले ट्रम्पलाई आफैलाई क्षमादान गर्ने कुरा नगर्न र जनतालाई हँसाउने काम नगर्न आग्रह गरे। उनले ट्रम्पले रिपब्लिकन पार्टीको कहिल्यै पनि प्रतिनिधित्व नगरेको बताउँदै उनी ओजेडवाई उत्सव भइरहेको जिल्लामा डेमोक्र्याटका रूपमा सदस्य रहेको बताए।

**जोर्डन**

## दूतावासमा आक्रमण

अम्मान, (एजेन्सी)

जोर्डनको राजधानी अम्मानस्थित इजरायली दूतावासमा आइतबार भएको आक्रमणमा एक जोर्डन नागरिकको मृत्यु भएको छ। उक्त घटनामा दुई जना गम्भीर घाइते भएको र त्यसमा एकजना इजरायली नागरिक परेको स्थानीय सुरक्षा सूत्रले जानकारी दिएको छ। अम्मानको पास इलाकास्थित उक्त दूतावासलाई प्रहरीले सिल गरेको छ। उक्त आक्रमणको पछाडि कसको हात रहेको छ भन्ने कुरा अहिलेसम्म प्रस्ट हुन सकेको छैन। तर यो हमलाको सम्बन्ध हालै जेरुसलम ओल्ड सिटीमा इजरायलले लागू गरेको सुरक्षा नियमसँग हुन सक्ने अनुमान गरिएको छ।

**अफगानिस्तान**

## आत्मघाती आक्रमण

काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलमा सोमबार एउटा आत्मघाती बम विस्फोट हुँदा कम्तीमा ३० जना मारिएको सरकारी अधिकारीहरूले बीबीसीलाई बताएका छन्। कम्तीमा ४२ जना घाइते भएको र तिनीहरूमध्ये केहीको स्थिति चिन्ताजनक रहेकाले मृतकको संख्या बढ्न सक्ने बताइएको छ। काबुलको पश्चिम भागमा रहेको सिया मुस्लिम बाहुल्य शहरमा खानी मन्त्रालयका कर्मचारीहरू बोकेर गइरहेको एउटा बसलाई लक्षित गर्दै उक्त विस्फोट गराइएको थियो। तालिवान लडाकूहरूले यस आक्रमणको जिम्मेवारी लिँदै आफूहरूले गुप्तचर सेवाका अधिकारीहरूलाई लक्षित गरिरहेको बताएका छन्।

**नाइजेरिया**

## आक्रमणमा आठ मारिए

माइडुगुरी, (एजेन्सी)

उत्तरपूर्वी नाइजेरियाको मुख्य शहर माइडुगुरीस्थित विस्थापित व्यक्तिहरूका लागि खोलिएका दुईवटा शिविरमा महिला आत्मघाती आक्रमणकारीहरूले विस्फोट गराउँदा कम्तीमा आठ व्यक्तिको ज्यान गएको नागरिक प्रतिरक्षा समूहले सोमबार जनाएको छ। खतरनाक मुस्लिम अतिवादी लडाकू समूह बोको हराम जन्मेको यस शहरका यस्ता शिविरमा आक्रमण भएको यो पहिलो घटना हो। आइतबार राति शुरू भएको सो आक्रमणमा अन्य पन्ध्रजना घाइते भएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ। बोको हरामले समय समयमा यहाँ आत्घाती बम आक्रमण गर्दै आएको थियो।

# विवादास्पद टापुमा चिनियाँ सिनेमा हल

बेइजिङ, (एजेन्सी)

आखिर मानिस भएपछि जहाँ बसे पनि मनोरञ्जनको त जरुरत नै हुन्छ। त्यसैले चीनले विवादास्पद दक्षिण चिनियाँ सागरमा केही दिनअघि मात्र एउटा सिनेमा हल खोलेको छ। विवादस्पद पारासेल टापु समूहकै सबैभन्दा ठूलो वुडी टापुस्थित सान्सा शहरमा चीन सरकारले सिनेमाहल



सञ्चालमा ल्याएको चिनियाँ आधिकारिक सरकारी समाचार निकाय सिन्ह्वाले जनाएको छ।

पारासेलबाटै चीनले सो क्षेत्रको प्रशासनिक कार्य सञ्चालन गर्दै आएको छ। त्यहाँ थुप्रै चिनियाँ ब्यारेकहरू पनि सञ्चालित छन्। सिन्ह्वाका अनुसार पहिलो दिन सान्सा यिन्लोंग सिनेमामा सेना र स्थानीय बासिन्दा गरी २ सय जनाभन्दा बढीलाई 'दि इटर्निटी अफ युलु' नामक चलचित्र देखाएको थियो।

सिन्ह्वाले त्यहाँ रहेका करिब २ हजार चिनियाँलाई पुरापुर मनोरञ्जन दिने उद्देश्यले उद्देश्यले यसरी सिनेमा हल खोलिएको जनाएको छ। उक्त नयाँ थिएटरमा कम्तीमा दिनको एउटा चलचित्र प्रदर्शन गरिने जनाएको छ।

खि साउथ चाइना मोर्निङ पोस्टले पोर्टेबल डिजिटल प्रोजेक्टरहरू प्रयोग गरी थप टापुमा पनि निःशुल्क चलचित्र प्रदर्शन गर्ने योजना रहेको स्पष्ट पारेको छ। चाइना ग्लोबल टेलिभिजन नेटवर्कले स्थानीय निकायहरूको विवादास्पद टापुहरूमा सामुदायिक सेवा स्थापना गर्ने

गत वर्षको अप्रिलमा चीनले सान्सामा एउटा सार्वजनिक पुस्तकालय र रंगशाला पनि स्थापना गरेको थियो। स्थानीय बासिन्दाको जीवनशैली उकास्ने हिसाबले सो रंगशालामा अहिले सांस्कृतिक कार्यक्रमहरूको आयोजना हुने गरेको छ।

चिनियाँ सञ्चारमाध्यमले चीनकै सबैभन्दा पछिल्लो शहरको दर्जा दिइसकेको सान्सामा एउटा विद्यालय, प्रहरी चौकी र अदालत पनि रहेको बताइएको छ। तर यो खुसीको खबर भियतनाम र ताइवानमा भने अप्रिय खबर सावित भएको छ। किनभने ती दुवै राष्ट्रले पनि यो क्षेत्रमाथि आफ्नो स्वामित्व दाबी गर्दै आएका छन्।

सन् १९७४ मा साउथ भियतनामसँगको संक्षिप्त युद्धयता चीनले यस क्षेत्रमाथि नियन्त्रण राख्दै आएको हो। त्यहाँ प्रशासकीय शहर खडा गरेकामा भियतनामले बारम्बार चीनको विरोध गर्दै आएको छ। सो क्षेत्रमा प्रचुर मात्रामा तेल रहेको छ।

सन् २०१३ देखि चीनले ती विवादास्पद टापुमा पर्यटन क्रुजहरू सञ्चालन गर्दै आएको हो। सान्साका मेयर सियाओ जियले यस शहरमा थप महत्त्वाकांक्षी योजनाहरू ल्याइने जानकारी दिएका छन्।

# ट्रम्पका ज्वाइँले सिनेटको आयोगलाई बयान दिने

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुस्नरले अमेरिकी सिनेटको एउटा आयोगलाई आफू र ट्रम्पको चुनाव अभियान टोलीका कुनै पनि सदस्यले अमेरिकी राष्ट्रपतीय चुनावका लागि रुसी अधिकारीहरूसँग मिलोमतो गरी कुनै षडयन्त्र नगरेको बयान दिने भएका छन्।

साथै उनले सिनेट आयोगसमक्ष रुसीहरूसँग आफ्नो कुनै अनुचित सम्पर्क नरहेको तथा साथै आफ्नो व्यापारिक गतिविधिका लागि रुसी आर्थिक सहयोगमा भर नपरेको पनि बताउने भएको बुझिएको छ। उक्त आयोगको बैठक बस्नुअघि नै कुस्नरले आफ्नो प्रारम्भिक विज्ञप्ति जारी गरेका हुन्।

सिनेट र हाउसलगायत एउटा विशेष काउन्सलले सो चुनावमा रुसी हस्तक्षेपबारे अझै अनुसन्धान गरिरहेका छन्। ३६ वर्षीय कुस्नर राष्ट्रपति ट्रम्पका वरिष्ठ सल्लाहकार हुन्। ट्रम्पकी छोरी इभान्कासँग विवाह गरेका उनी ट्रम्पको डिजिटल नीतिका प्रमुख रहेका थिए।

सञ्चारमाध्यममा त्यति धेरै चर्चामा नआएका कुस्नर सोमबार बेलुका सिनेट



इन्टेलिजेन्स कमिटीसामु पेस हुने कार्यक्रम रहेको छ। साथै उनी आज हाउस भर्जनसामु प्रस्तुत हुने भएका छन्। चुनवामा रुसी हस्तक्षेपको आशंकाको कारण ट्रम्प र उनका रुसी समकक्षी भ्लादिमिर पुटिनबीचको कुनै पनि भेटघाटलाई सबै पक्षले गम्भीर ढंगले हेर्दै आएको छ।

पुटिनले भने बारम्बार आफूमाथि यस सम्बन्धमा लगाइएको आरोप अस्वीकार गर्दै आएका छन्। विगतमा महाशक्ति राष्ट्र अमेरिकाको तत्कालीन सोभियत संघसँग सन् १९९० सम्म शीतयुद्ध जारी रहेको थियो। सोही वर्ष सोभियत संघका विभिन्न गणराज्यहरू टुक्रिन पुगेका थिए। तैपनि अमेरिकामाथि रसियाको दबाब भने कायमै रहेको थियो।

# चीनलाई बुझ्नमा गल्ती गरिरहेका छन् भारतीयहरू : चिनियाँ विज्ञ

बेइजिङ, (एजेन्सी)

भारत र चीनबीच डोकलाम सीमामा विगत ५ हप्ताभन्दा लामो समयदेखि तनाव जारी छ। विश्वभरिका विश्लेषकहरू यस गतिरोधले युद्धको आशंका गहिरिएकोमा चिन्ता व्यक्त गरिरहेका छन्।

दर चारहार इन्स्टिच्युटका रिसर्च फेलो



तथा चाइना वेस्ट नर्मल युनिभर्सिटीमा सेन्टर फर इन्डियन स्टडिजका निर्देशक लोंग सिन्चुनको सरकारी अखबार ग्लोबल टाइम्समा भारत-चीन तनावको विषयमा विश्लेषण प्रकाशित भएको छ।

उक्त विश्लेषणमा लोंगले चीनले युद्ध नचाहेको लेखेका छन्। उनले लेखे- 'भारतीय सञ्चारमाध्यम र विश्लेषक यो गतिरोधका लागि चीनलाई जिम्मेवार ठहऱ्याइरहेका छन्। उनीहरू चीनले आफ्नो आन्तरिक समस्याहरूबाट ध्यान मोड्नका लागि भारतलाई उक्साइरहेको बताइरहेका छन्। यहाँसम्मकी भारतीय सञ्चारमाध्यममा यस तनावलाई कम्युनिस्ट पार्टी अफ चाइनाको १९औं कांग्रेससँग पनि जोडिरहेका छन्। यो विश्लेषणले के प्रमाणित हुन्छ भने भारतीय सञ्चारमाध्यम र त्यहाँका विश्लेषकको चीनका बारेमा ज्ञान कति अधुरो छ।

जहाँसम्म मलाई थाहा छ, भारतमा २ सयभन्दा धेरै चिनियाँ मामिलामा विशेषज्ञ छैनन्। यसमा मात्र १० प्रतिशत मात्रै मन्दारिन पढ्न र बोल्न सक्छन्। यसमा धेरै विशेषज्ञ चनिलाई लिएर अमेरिका र युरोबाट प्रकाशित भएका सामग्री अंग्रेजीमा पढ्छन्। दुःखको कुरा के हो भने यो स्थितिमा पनि उनी चीनका बारेमा सबै कुरा जानेको दाबी गर्छन्।'

चीनमा रहेका भारतीय पत्रकारहरूले सायदै चिनियाँ भाषा बुझ्छन्। यहाँसम्म कि तीमध्ये केहीले जब आफ्नो छिमेकीलाई 'कम्प्युनिस्ट चाइना'का रूपमा व्याख्या गर्छन्, यस्तो लाग्छ यो पदावली ४० वर्ष पुरानो हो। दुःखद कुरा यिनीहरू भारतको बुझाइलाई आकार दिन्छन् र चीनमा आफ्ना फैसला सुनाउँछन्।

लोंगले लेखेका छन्- 'चीनमा थुप्रै प्रकारका घरेलु समस्या छन्। फेरि पनि भारत जुन आन्तरिक समस्यासँग लडिरहेको छ, त्यसको तुलनामा केही पनि होइन। प्रस्ट के हो भने संघर्षको तुलनामा १९औं कांग्रेसको तयारीका लागि चीनलाई घरेलु शान्ति र शान्तिपूर्ण अन्तर्राष्ट्रिय वातावरण चाहिन्छ। यो त्यस्तो विषय हो जसलाई भारतीयहरूलाई बुझ्न गाह्रो हुन्छ।'

मैले धेरै भारतीय विशेषज्ञसँग भेटेको छु। उनीहरू १९६२ को युद्ध चीनले आफ्नो आन्तरिक समस्याबाट जनताको ध्यान मोड्नका लागि छेडेको बताउँछन्। म उनीहरूलाई भन्छु- मानौं यदि यो सत्य हो, फेरि चीनले भारतलाई किन त्यसका लागि छाने? चीनले भारत र भुटानबाहेक धेरैजसो छिमेकीसँगको सीमा विवादलाई सल्टाइसकेको छ। के यो उक्साउनु होइन?

डोकलाम इलाकामा भारतीय सैनिक चिनियाँ क्षेत्रमा प्रवेश गरे। यो स्थितिमा चीनको सरकारले संयमको परिचय दिएको छ। भारतलाई युद्धको आवश्यक छैन। यद्यपि भारतका सेना प्रमुख बिपिन रावतले भारतीय सेना मोर्चामा युद्धका लागि तयार रहेको दाबी गरेका छन्। त्यसमा केही भारतीय उनका सेना चिनियाँ सेनासँग बराबरीको युद्ध लड्न र १९६२ को बदला लिनका लागि पर्याप्त बलियो ठान्छन्।

सन् १९८० को दशकको शुरूआटमा भारतको अर्थव्यवस्था चीनको बराबर थियो तर अहिले जीडीपी र प्रतिव्यक्ति आय चीनको पाँच भागको एक भाग मात्र छ। विगत २० वर्षमा आर्थिक सुधार र विकासको ठोस जग भारतमा राखियो र अहिले तीव्ररूपमा प्रगति पनि भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको सुधारबाट भारतको





पक्षमा अन्तर्राष्ट्रिय वातावरण पनि बनेको छ।

यदि भारत अहिले नै व्यापकस्तरमा चीनसँग युद्ध गर्छ भने यसले विदेशी लगानी मात्र तहसनहस हुने नभएर अर्थव्यवस्थामा नै भाँडभैलो मच्चिनेछ। यदि सानो युद्ध मात्र भयो भने पनि चीन र भारतबीच यसको लामो समयसम्म असर देखिनेछ। भारतको आर्थिक प्रगति नराम्रोसँग प्रभावित हुनेछ र प्रगति गर्ने अवसर हातबाट फुत्किनेछ।

एउटा युद्ध पूर्णरूपमा असम्भव हुन्छ भन्ने पनि होइन। पूर्णरूपमा गलत समय र स्थानमा लडिएका युद्धका थुप्रै उदाहरण पनि छन्। यस्तो स्थितिमा समग्रमा दुवै देशका राजनीतिज्ञहरूलाई युद्धबाट बच्नु आवश्यक छ। अन्ततः हामीले वैमनस्यतामा बस्नु हुन्न। १९६२ को युद्धले भारतीयलाई चीनप्रति दशकौंका लागि शत्रुतापूर्ण बनाइदियो।

अन्तनमा लोंगले लेखे- 'आजको मितिमा एउटा ठूलो युद्ध भयो भने दुवै पक्षतिर शताब्दियौंसम्मको शत्रुता हुनेछ। यदि वर्तमान गतिरोधको समाधान राजनीतिकस्तरमा खोजियो भने पनि दुई देशको द्विपक्षीय सम्बन्धमा यसको छाया परिसकेको छ। भारत-चीन सम्बन्धमा यसको असर लामो समयसम्म रहनेछ।

२०७४, साउन
मंगलबार
१०

योगदानमा आधारित सामाजिक सुरक्षा विधेयक, २०७४ बहुमतले पारित भएको छ। व्यवस्थापिका संसद्को सोमबारको बैठकमा श्रम तथा रोजगारमन्त्री फरमुल्लाह मन्सुरले प्रस्तुत गर्नुभएको विधेयक बहुमतले पारित गरेको हो।



# नेपाल

# निर्वाचनको वातावरण बनाउन राजनीतिक दललाई अपिल

## कांग्रेस बैठक सम्पन्न

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसले व्यवस्थापिका संसद्मा विचाराधीन रहेको संविधान संशोधन विधेयक पारित गराउन प्रतिबद्ध रहेको जनाएको छ। कांग्रेसले उक्त विधेयक पारित गरी संविधानको स्वीकार्यता विस्तार गर्न र आगामी सबै तहका निर्वाचनको वातावरण सहज बनाउन प्रमुख प्रतिपक्ष नेकपा एमालेलगायत सबै राजनीतिक दलहरूलाई अपिल पनि गरेको छ।

सोमबार सम्पन्न कांग्रेस केन्द्रीय समितिको बैठकले नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक मधेसी मोर्चा, संघीय गठबन्धन, राष्ट्रिय जनता पार्टीलगायत सबै राजनीतिक दलहरूसँग विगतमा भएका सबै सहमति कार्यान्वयन गर्न प्रतिबद्ध रहेको जनाउँदै पूर्वसहमतिअनुरूप कार्य गर्न सरकारलाई आग्रह पनि गरेको छ।

स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनको समीक्षा, प्रदेश नम्बर २ को चुनावको तयारी एवं समसामयिक विषयमा केन्द्रित रहेर तीन दिनसम्म बसेको बैठकले कांग्रेसको नेतृत्वमा जारी भएको नेपालको संविधान कार्यान्वयनको ऐतिहासिक अभिभारा पनि नेपाली कांग्रेसको काँधमा रहेको निष्कर्ष निकालेको छ।

बैठकले संविधानको सर्वस्वीकार्यता स्थापित गर्ने, संविधानको कार्यान्वयन गर्दै संविधानमा उल्लेख भएको समयसीमाभित्र स्थानीय तह, प्रदेश सभा र संघीय संसद्को निर्वाचन गर्ने राष्ट्रिय एजेन्डालाई सम्पादन गर्न २०७४ माघ ७ गतेभित्र सबै निर्वाचन सम्पन्न गर्ने ऐतिहासिक जिम्मेवारी सफलताका साथ पूरा गर्ने र यो अभियानको नेतृत्व लिने पनि संकल्प गरेको छ। कांग्रेस केन्द्रीय समिति बैठकले आगामी निर्वाचन सम्पन्न गर्न कानुनी व्यवस्था र शान्ति सुरक्षालगायतका सबै आवश्यक प्रबन्ध गर्न र राजनीतिक वातावरण बनाउन सरकारलाई अनुरोध पनि गरेको छ।

स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनको समीक्षा गर्दै कांग्रेस केन्द्रीय समिति बैठकले स्थानीय तहको दुई चरणको निर्वाचनमा आफ्नो पार्टीले आशा गरेअनुसारको परिणाम प्राप्त गर्न नसक्नुको कारणबारे कमिकमजोरी औंल्याएको छ। निर्वाचनमा उम्मेदवारी चयनमा ढिलाइ हुनु, आन्तरिक द्वन्द्व, असन्तुष्टि व्यवस्थापन गर्न समयको अभाव र कतिपय स्थानमा पार्टीका साथीहरूबाट असहयोग र अन्तर्घात भएका कारण निर्वाचनमा अनपेक्षित परिणाम आएको केन्द्रीय बैठकले निष्कर्ष निकालेको छ।

कांग्रेस बैठकले पहिलो र दोस्रो चरणको निर्वाचनका सन्दर्भमा पार्टीबाट भएका कमिकमजोरी सच्याउने र निर्वाचनमा पार्टीका उम्मेदवारलाई असहयोग गर्ने वा अन्तर्घात गर्ने पार्टी सदस्यहरूलाई पार्टीको विधान र नियमावलीबमोजिम आवश्यक कारबाहीका लागि आन्तरिक प्रक्रिया प्रारम्भ गर्ने निर्णय गरेको छ। साथै तेस्रो चरणको निर्वाचनमा नेपाली कांग्रेसलाई अग्रता दिलाउन प्रदेश नम्बर २ का पार्टीका सबै निकाय, भ्रातृ संस्था, शुभेच्छुक संस्थासहित पार्टीका सबै सदस्यहरूलाई परिचालन गर्ने कांग्रेस बैठकले निर्णय गरेको छ।

स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण ढंगले सम्पन्न भएको भन्दै बैठकले संविधानको कार्यान्वयनको सन्दर्भमा यो अत्यन्त महत्त्वपूर्ण कार्य भएको निष्कर्ष निकालेको छ। बैठकले हालै सप्तरी, कास्की, सिन्धुपाल्चोकलगायत देशका विभिन्न भू-भागमा गएका बाढी पहिरोका कारण भएको मानवीय र भौतिक क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै पीडितलाई उचित राहत, क्षतिपूर्ति तथा उचित बसोबासको व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

सोमबार सम्पन्न बैठकले न्यून वर्षाका कारण सुख्खा भई देशका विभिन्न भू-भागका खेतीयोग्य जमिनमा धानखेतीलगायत अन्य कृषिबाली लगाउन नपाएका किसानहरूलाई उचित राहत वितरण गर्न सरकारसँग माग गरेको छ।

# युवावर्गको भूमिका प्रभावकारी हुनुपर्ने

**नेपाल समाचारपत्र**

ललितपुर

स्थानीय तहमा जनप्रतिनिधि बहाल भएपछि भविष्यमा आइपर्न सक्ने विपद्को पूर्वतयारी र तत्काल व्यवस्थापनका लागि युवावर्गको परिचालन गर्नुपर्ने एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन्।

ललितपुर महानगरपालिका-१६ को विपद् व्यवस्थापन समितिले आयोजना गरेको विपद् व्यवस्थापनका लागि युवा भेलामा उनीहरूले सो खाँचो औंल्याएका हुन्।

२०७२ सालको विनाशकारी भूकम्पमा राहत व्यवस्थापनमा राज्य, राजनीतिक दलको भन्दा पहिले समुदायको भूमिका प्रभावकारी रहेको उल्लेख गर्दै स्थानीय तहका जनप्रतिनिधिहरूले त्यसबाट सिकेर युवावर्गको परिचालनमा जोड दिनुपर्ने पनि भेलाको निष्कर्ष थियो।

यसअघि सो भेलाको उद्घाटन ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले गर्नुभयो। अधिकांश वक्ताहरूले विकास निर्माण एकातिर र जोखिम व्यवस्थापनको तयारी अर्कोतिर भएमा भविष्यमा आइपर्न सक्ने विपद्बाट सुरक्षित नरहने पनि धारणा राखे।

सो अवसरमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका विजयकृष्ण उपाध्यायले विपद् जोखिम व्यवस्थापनका योजना तर्जुमा गरी क्रमिकरूपमा चरणबद्ध कार्यान्वयनबाट महानगरपालिकाका बासिन्दालाई सुरक्षित राख्न सकिने बताउनुभयो।

समाजका कार्यकारी निर्देशक आमोदमणी दीक्षितले २०७२ सालको विनाशकारी भूकम्पमा उद्धार, राहत र व्यवस्थापनमा युवावर्ग निकै क्रियाशील भएको उल्लेख गर्दै विपद् व्यवस्थापनमा युवावर्गको भूमिकालाई यथार्थपरक मूल्यांकन हुनुपर्ने बताउनुभयो। स्थानीय तहअन्तर्गत वडा, नगरपालिकाको विपद् व्यवस्थापन संयन्त्रमा युवावर्गको प्रभावकारी भूमिका हुनुपर्ने पनि उहाँको भनाइ थियो।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री देवरत्न धाख्वाले स्वयं सेवा र रेडक्रसमा युवावर्गको भूमिकाको सन्दर्भलाई जोड्दै विपद् व्यवस्थापनका लागि युवावर्गलाई पूर्ण तयारीका रूपमा राखिराख्नुपर्ने स्थानीय तहको मुख्य जिम्मेवारी रहेको बताउनुभयो।

वडा नम्बर १६ का वडाध्यक्ष निर्मलरत्न शाक्यको सभापतित्वमा भएको सो भेलामा ललितपुर महानगरपालिकाका उपप्रमुख गीता सत्याल, महानगरीय प्रहरी प्रभाग, मंगलबजारका प्रमुख एवं प्रहरी निरीक्षक प्रकाश थापा, वडास्तरीय विपद् व्यवस्थापन समितिका संयोजक दिलीप जोशीलगायतले विपद् व्यवस्थापनमा युवावर्गको भूमिका बारे केन्द्रित गर्दै आ-आफ्नो धारणा राख्नुभयो।

# सामाजिक सुरक्षा विधयेक पारित

**नेपाल समाचारपत्र**

काठमाडौं

योगदानमा आधारित सामाजिक सुरक्षा विधेयक, २०७४ बहुमतले पारित भएको छ। व्यवस्थापिका संसद्को सोमबारको बैठकमा श्रम तथा रोजगारमन्त्री फरमुल्लाह मन्सुरले प्रस्तुत गर्नुभएको विधेयक बहुमतले पारित गरेको हो।

त्यस्तै, राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयक, २०७४ पनि सदनमा पेस भएको छ। सरकारले निर्णय गरिसकेको विषयलाई विधेयकका रूपमा बनाई सदनमा पेस गरिएको छ। यस विधेयकका आधारमा राष्ट्रपति तथा उपराष्ट्रपतिले गरेका कुनै पनि काम-कारबाहीको विरुद्ध कुनै पनि अदालतमा मुद्दा हाल्न पाइने छैन।

संविधानको धारा ७२ मा राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा संघीय ऐनबमोजिम हुने भनिए पनि संविधान जारी भएको २२ महिना पछि सरकारले सुविधासम्बन्धी विधेयक बल्ल संसद्मा टेबल गरेको हो। प्रधानमन्त्रीका तर्फबाट श्रममन्त्री फरमुल्लाह मन्सुरले संसद्मा पेस गरेको राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सो प्रस्ताव गरिएको छ।

सरकारले संसद्मा प्रस्तुत गरेको विधेयकमा राष्ट्रपतिको पारिश्रमिक प्रतिमहिना १ लाख ५० हजार ४ सय ५० रुपियाँ र उपराष्ट्रपतिको पारिश्रमिक प्रतिमहिना १ लाख ८ हजार ३० रुपियाँ प्रस्ताव गरिएको छ।

बैठकमा कृषि तथा जलस्रोत समितिका सभापति मोहनप्रसाद बरालले 'नेपाल पशु चिकित्सा परिषद् (पहिलो संशोधन) विधेयक फिर्ता गर्नेसम्बन्धी समितिको प्रतिवेदन, २०७४' पेस गर्नुभएको थियो। संसद्को अर्को बैठक यही साउन १५ गते दिउँसो १ बजे बस्नेछ।

**राजपाको माग**

सदनमा विचाराधीन संविधान संशोधन विधेयक निर्णयार्थ पेस गर्न राष्ट्रिय जनता पार्टी नेपालले माग गरेको छ। व्यवस्थापिका संसद्को बैठकमा राजपाका अध्यक्ष मण्डलका एक नेता महेन्द्र यादवले संविधान संशोधन विधेयक संसद्मा निर्णयार्थ पेस गर्न माग गर्नुभएको छ।

बैठकको विशेष समयमा नेता यादवले संविधान संशोधन विधेयक अविलम्ब पारित गराउन माग गर्नुभएको हो। 'संशोधन प्रक्रियालाई अविलम्ब पास गराओस्। फुटबलको खेलाडीले परिणामलाई स्वीकार्छ। संसदीय प्रक्रियामा गएको कुरालाई हामी स्वीकार्छौं' -उहाँले भन्नुभयो। उहाँले राजपालाई कमजोर नठान्न पनि चेतावनी दिनुभयो।

## दोलखा केन्द्रविन्दु भएर पराकम्प

काठमाडौं, (नेस)

आइतबार दोलखा केन्द्रविन्दु भएर ४ रेक्टर स्केलको भूकम्प गएको छ। बिहान १० बजेर २९ मिनेटमा दोलखाको उत्तरी भेगको खोलाखर्क केन्द्रविन्दु भएर सो क्षमताको पराकम्प गएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ। पराकम्पको केन्द्रविन्दु सिन्धुपाल्चोक र दोलखाको सीमा क्षेत्र आसपासमा रहेको मापन केन्द्रका अधिकारीले बताए।

# कर्णाली राजमार्ग अवरुद्ध

नन्दराम जैशी, जुम्ला

आइतबार राति खसेको पहिरोका कारण कर्णाली राजमार्ग अवरुद्ध हुँदा हजारौं यात्रु अलपत्र परेका छन्। राजमार्ग अवरुद्ध भएपछि सयौं यातायात व्यवसायी र हजारौं यात्रु अलपत्र परेका हुन्। अविरल वर्षाका कारण कर्णाली राजमार्गअन्तर्गत दैलेखमा पर्ने दैखोलादेखि घट्टेखोलासम्मको करिब १ सय २० मिटर सडक खण्डमा पहिरो खसेपछि राजमार्ग अवरुद्ध भएको छ।

पहिरोका कारण ५ सय बढी साना-ठूला यातायातका साधन अवरोधमा परेका छन्। निमित्त प्रमुख जिल्ला अधिकारी टेकबहादुर बुढ्थापाका अनुसार अवरुद्ध सडक खुलाउनका सडक डिभिजन कार्यालय जुम्लालाई निर्देशन दिइएको छ। सडक खुलाउनका लागि नियमति काम गरेपनि करिब ४/५ दिन लाग्न सक्ने अनुमान सडक डिभिजन कार्यालय जुम्लाले गरेको छ।

**अवरुद्ध सडक खुलाउन काम शुरू**

विगत दुई हप्ता दिनदेखि अवरुद्ध भएको जुम्ला नाग्मदेखि मुगु गमगढी सडक सञ्चालनका लागि सडक डिभिजन कार्यालय जुम्लाले काम थालेको छ। कार्णाली राजमार्गअन्तर्गत नाग्म गमगढी सडक खण्डको विभिन्न स्थानमा गएको पहिरो र वर्षाको हिलोका कारण दुई हप्तायता सडकखण्ड अवरुद्ध भएको छ। सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख अंगलाल रोकायाका अनुसार अवरुद्ध सडक खुलाउन विगत ३ दिनदेखि निरन्तर स्काभेटर खटाएर काम गर्न शुरु गरिएको छ।

उहाँले भन्नुभयो- 'सडक खुलाउन निरन्तर हाम्रा कर्मचारी फिल्डमा बसेर काम गरिरहेका छन्। काम रफ्तारले अघि बढे पनि वर्षाले सडकमा पहिरो खस्दा समस्या भएको हो। सडकको पहिरो पन्छाउने र हिलो हटाउने काम जारी छ। जुम्ला सिंजा क्षेत्रमा सडकको ३ ठाउँमा पहिरो गएको अवगत गराउँदै सवारी सञ्चालनमा समस्या भएको रोकायाको भनाइ छ।

# सूचनाको हकसम्बन्धी अन्तरक्रिया

**नेपाल मसाचारपत्र**

दोलखा

नेपाल पत्रकार महासंघ दोलखा शाखाले सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको सहयोगमा भएको अन्तरक्रिया कार्यक्रममा सूचनाको हक सम्बन्धमा पत्रकार महासंघ दोलखाका पूर्वअध्यक्ष राजेन्द्र मानन्धरले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा सहभागी पत्रकारहरूले दोलखाका सरकारी एवं गैरसरकारी कार्यालयहरूमा सूचना लिन जाँदा हुने समस्याको बारेमा जानकारी गराएका थिए। कार्यक्रममा सहभागी पत्रकारहरूले दोलखाको प्रहरी कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला कृषि विकास कार्यालय, नेपाल टेलिकमलगायतका केही कार्यालयले भने सहजरूपमा सूचना उपलब्ध गराएको बताएका थिए।

कार्यक्रममा सहभागी प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहोराले कानुनले बन्देज गरेका बाहेकका सूचना दिन हरेक कार्यालय तथा संघ-संस्था बाध्य हुने उल्लेख गर्नुहुँदै कुनै कार्यालयले सूचना दिन अटेर गरेको जानकारी आफूलाई प्राप्त भए त्यस्ता सूचना अधिकारी तथा कार्यालय प्रमुखलाई कारबाही गरिने बताउनुभयो। नेपाल पत्रकार महासंघ दोलखाका अध्यक्ष जीवन लामाको सभापतित्वमा सम्पन्न कार्यशालामा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य चिरञ्जीवी मास्के, पूर्वअध्यक्ष राजेन्द्र मानन्धर, प्रेस चौतारीका केन्द्रीय सदस्य शरद् सापकोटा, प्रेस सोसाइटीका केन्द्रीय सदस्य दिलबहादुर केसी, पत्रकार महासंघ दोलखा शाखाका उपाध्यक्ष लक्ष्मण थामी, सहसचिव सुवास योञ्जन, पत्रकार महासंघ दोलखाका सदस्य श्याम खतिवडा, पत्रकार महासंघ दोलखाका पूर्वउपाध्यक्ष राजन शिवाकोटी, पूर्वसदस्य रवीन्द्र गौतम, राष्ट्रिय समाचार समितिका दोलखा प्रतिनिधि गोकर्ण भण्डारीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

# प्रदेशको बहुमतले राजधानी तय : पौडेल

**नेपाल समाचारपत्र**

बाँके

नेकपा एमालेका उप-महासचिव एवं प्रदेश नम्बर-५ का संयोजक विष्णु पौडेलले प्रदेश सभाको बहुमतले प्रदेशको राजधानी तय गर्ने बताउनुभएको छ।

प्रेस चौतारी, बाँकेले सोमबार नेपालगन्जमा आयोजना गरेको पत्रकार भेटघाटमा नेता पौडेलले प्रदेश सभाको बहुमतले जहाँ भन्छ, त्यहीं राजधानी हुने बताउनुभयो। 'बहुमतले नेपालगन्ज, गुलरिया, दाङ, प्यूठान, बुटवल जहाँ भन्छ, राजधानी त्यही हुन्छ', नेता पौडेलले भन्नुभयो- 'त्यति बेलासम्म जसले पनि यहाँ हुनुपर्छ भनेर दाबी गर्न पायो।'

नेता पौडेलले ५ नम्बर प्रदेश टुक्र्याउने षड्यन्त्र अझै जारी रहेको बताउनुभयो। 'संविधान संशोधनको कुरा सेलाउँछ, फेरी व्युँझिन्छ', नेता पौडेलले भन्नुभयो- '५ नम्बर प्रदेशलाई टुक्रिन हामी दिँदैनौं। एमालेका नेताहरू टुक्रिन तयार छन्। तर, ५ नम्बरको पहाडी र तराईलाई छुट्टिन दिँदैनौं।' उहाँले संविधान संशोधनको आवश्यकता महसुस भए सबै तहको चुनावपछि गर्न सकिने बताउनुभयो।

माघ ७ गतेभित्र प्रदेश सभा र प्रतिनिधि सभाको चुनावका लागि एमालेले दबाब दिइरहेको बताउनुभयो। 'सरकारले संसद्को म्याद थप्न भित्रभित्र गृहकार्य गरेको सुनेका छौं। हामीले कुनै हालतमा त्यसलाई मान्दैनौं', पौडेलले भन्नुभयो- 'मंसिर पहिलो हप्तासम्ममा दुवै तहको निर्वाचन गर्नुपर्छ भन्ने हाम्रो दबाब छ।'

नेता पौडेलले तेस्रो चरणको चुनावमा राजपा सहभागी हुने दाबी गर्नुभयो। 'दोस्रो चरणमा पनि राजपाले भाग लिएको थियो, अब २ नम्बर प्रदेशको चुनावमा पनि ऊ सहभागी हुन्छ', पौडेलले भन्नुभयो- 'चुनावमा भाग नलिए जनताबाट टाढा हुन्छन्।'

सरकारमा एमाले जाने सम्भावना छ भन्ने प्रश्नमा पौडेलले त्यो अहिले सम्भव नभएको बताउनुभयो। 'एमालेलाई सरकार होइन, चुनाव चाहिएको छ' -पौडेलले भन्नुभयो। उहाँले अविलम्ब प्रदेश र संसद्को चुनावको मिति घोषणा गर्न माग गर्नुभयो।

एमाले प्रदेश नम्बर ५ का जनप्रतिनिधिलाई १० र ११ गते दिन थालेको प्रशिक्षणका लागि पौडेल नेपालगन्ज आउनुभएको हो। प्रशिक्षणको उद्घाटन पार्टीका कार्यवाहक अध्यक्ष वामदेव गौतमले गर्ने एमाले, बाँकेका अध्यक्ष अशोक कोइरालाले जानकारी दिनुभयो। जनप्रतिनिधिलाई वरिष्ठ नेता माधवकुमार नेपाललगायतले प्रशिक्षण दिनेछन्।

### टऱ्यो...

युनेस्कोले सन् १९७९ मा उपत्यकाका ७ वटा पुरातात्त्विक सम्पदा क्षेत्रलाई विश्वसम्पदा सूचीमा राखेको हो। बौद्धनाथ स्तुप, पशुपतिनाथ, स्वयम्भुनाथ स्तुप र चाँगुनारायण गरी चार धार्मिक र हनुमानढोका, भक्तपुर र पाटन दरबार क्षेत्रलाई सांस्कृतिक सम्पदामा राखेको थियो।

हाल भूकम्पले ध्वस्त भएका हनुमानढोकाका सम्पदामध्ये वसन्तपुर दरबार चीन सरकारले, अमेरिकी सरकारले गद्दी बैठक पुनर्निर्माण गर्न ७ लाख अमेरिकी डलरबाट सो काम शुरू भइरहेको छ। सो क्षेत्रमा रहेको आगं छैं र दरबारको मुख्य लङग जापान सरकारको सहयोगमा सञ्चालित नेसनल रिसर्च इन्टिच्युट फर कल्चरल पपर्टिज, हनुमानढोका दरबार बाहिरको जगन्नाथ र कृष्ण मन्दिर जापानिज फन्ट इन ट्रस्ट, तलेजुको मूलद्वार नजिक रहेको कागेश्वर र सिंहढोका अमेरिकन संस्था काठमाडौं उपत्यका संरक्षण कोष (केभीपीटी) गद्दी बैठक अमेरिकी सरकारको सहयोगमा पुनर्निर्माण भइरहेको छ।

काष्ठमण्डप र माजु तलेजु मन्दिर काठमाडौं महानगरपालिकाले पुनर्निर्माण गर्न थालेको छ। काष्ठमण्डप पुनर्निर्माण गर्ने विषयमा स्थानीय र महानगरपालिका बीच विवाद देखिएको छ। महानगरपालिकाले कहिले निर्माण गर्ने भन्ने विषयमा हालसम्म कुनै निश्चित हुन सकेको छैन।

### नेपाली...

राजधानी काबुलको पश्चिमी क्षेत्रमा अवस्थित सिया बाहुल्य क्षेत्रमा भएको आत्मघाती दुर्घटनामा करिव २ दर्जन व्यक्तिले ज्यान गुमाएका छन् भने ४० भन्दा बढी घाइते भएका छन्। सो दुर्घटनामा नेपाली नागरिकबारे अप्रिय खबर नभएको परराष्ट्र मन्त्रालयका प्रवक्ता भरतराज पौडेलले बताउनुभयो। 'विस्फोटको खबर आएलगत्तै हामीले नयाँदिल्लीस्थित नेपाली दूतावासमार्फत् त्यहाँको खबर पटक-पटक बुझ्यौं, तर नेपालीबारे कुनै प्रकारको अप्रिय खबर नभएको पुष्टि भयो' -उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो।

काबुलका अन्य भेगको तुलनामा सोमबार विस्फोट भएको क्षेत्रमा नेपाली कामदारको संख्या न्यून रहेको पौडेलले बताउनुभयो। स्थानीय समयअनुसार बिहान १० बजेपछि सो दुर्घटना भएको थियो। सो आक्रमणको जिम्मेवारी विद्रोही तालिवान समूहले लिएको छ। घटनालगत्तै तालिवानका प्रवक्ता जाबिउल्ला मुजाइदको भनाइ उद्धृत गर्दै जारी गरिएको विज्ञप्तिअनुसार विस्फोट अफगान गुप्तचर सवार बसलाई लक्षित गरिएको थियो।

तर, विस्फोटमा परेर सर्वसाधारण नागरिकसहित खानी तथा पेट्रोलियम मन्त्रालयमा कार्यरत अधिकारी हताहतमा परेका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। संयुक्त राष्ट्र संघका अनुसार ६ महिनायता अफगानिस्तानमा आतंकवादी आक्रमणमा १ हजार ६ सय ६२ जनाले अकालमा ज्यान गुमाएका छन्।

### कार्यालयकै...

आयोगका अध्यक्ष कमलनारायण दासले अहिले आयोगको कार्यविधि बनाइरहेको जानकारी दिनुभयो। 'सरकारसँग आवश्यक कर्मचारी माग गरेका छौं। कर्मचारी, भौतिक व्यवस्थापनको सबै चाँजोपाँजो मिलेपछि हामीले काम शुरू गर्नेछौं' -अध्यक्ष दासले भन्नुभयो। संविधानको धारा २८६ मा प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि निर्वाचन क्षेत्र निर्धारण आयोग गठन हुनुपर्ने प्रावधान रहेको छ। सोही प्रावधानअनुरूप गठित आयोगले दिएको प्रतिवेदन सरकारमार्फत् निर्वाचन आयोगमा उपलब्ध गराउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

आयोगले हाल प्रतिनिधि सभाको निर्वाचनका लागि कायम २ सय ४० निर्वाचन क्षेत्रलाई पुनरवलोकन गर्दै त्यसलाई १ सय ६५ मा सीमित गर्नुपर्ने छ। त्यसै गरी प्रदेश सभाका लागि ३ सय ३० निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्नेछ।

निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्या र भूगोललाई प्रतिनिधित्वको आधार मानी त्यस्तो निर्वाचन क्षेत्रको भूगोल, जनसंख्या र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी निर्धारण गनुपर्ने संविधानमा भनिएको छ।

त्यसै गरी सविधानमा निर्वाचन क्षेत्र निर्धारण गर्दा सो क्षेत्रको जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाईसमेत ध्यान दिनुपर्ने भनिएको छ।

यसैबीच २०७४ साल माघ ७ गतेभित्र प्रतिनिधि सभा र प्रदेशको निर्वाचन गराउन चाँडोभन्दा चाँडो आयोगको प्रतिवेदन उपलब्ध गराउनुपर्ने निर्वाचन आयोगले जनाएको छ।

आयोगले तयार गरेको कार्य तालिकामा साउनको दोस्रो साताभित्र प्रतिवेदन प्राप्त हुनुपर्ने उल्लेख गरिएको छ। चाँडोभन्दा चाँडो विशेष साउन मसान्त ननाघ्ने गरी प्रतिवेदन प्राप्त भए तयारी अघि बढाउन सकिने प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। 'प्रतिवेदन जति ढिलो भयो, उति निर्वाचन तयारीमा गाह्रो हुनेछ' -डा. यादवले भन्नुभयो।

आयोगले निर्वाचन क्षेत्र निर्धारण गर्दा हाल स्थानीय तहमा रहेका वडा विभाजन गर्न नहुने, प्रदेश सभाका लागि निर्वाचन क्षेत्र निर्धारण गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि तोकिएको क्षेत्र भित्रको भूगोल मात्र पर्ने गरी प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने पनि आयोगले सरकारको ध्यानाकर्षण गराएको छ।

निर्वाचन क्षेत्र निर्धारणपछि मात्र मतदाता नामावली सोहीअनुरूप अद्यावधिक गर्न सकिने आयोगले जनाएको छ।

मतदाता नामावली छपाई, मतदानकेन्द्र निर्धारण र निर्वाचन क्षेत्रअनुसार आवश्यक जनशक्ति, सामग्री, बजेट तथा कार्यक्रम निर्माणलगायतका निर्वाचन तयारीका कार्यक्रमहरू सघनरूपमा अघि बढाउन आयोगको प्रतिवेदन आवश्यक रहेको पनि प्रमुख निर्वाचन आयुक्त यादवले बताउनुभयो।

आयोगले तयार पारेको निर्वाचन कार्यतालिकामा प्रदेश सभा सदस्यको निर्वाचन २०७४ साल असोजको अन्तिम हप्तासम्ममा र प्रतिनिधि सभा सदस्यको निर्वाचन २०७४ साल मंसिरको पहिलो हप्तासम्ममा सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ।

भौगोलिक अवस्था र मौसमलाई दृष्टिगत गर्दा मंसिरको पहिलो हप्ताभन्दा पछाडि हिमाली जिल्लाहरूमा निर्वाचन गराउन सक्ने अवस्था नभएकाले पनि सो समयअगावै निर्वाचन गराउनुपर्ने आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माले बताउनुभयो।

### कान्छीले...

पूजा र उनका छोरा पुजनका नाममा सोही कित्ताको ८ आना २ पैसा ३ दाम जग्गा रहेको छ। पूजाको कित्ता नम्बर २१३७ रहेको छ भने कमलाको कित्ता नम्बर २१३८ रहेको छ।

नेपाल समाचारपत्र दैनिकले आइतबारको अंकमा पूजाले जेठीको अंश मार्ने नियतले परिवारकै सल्लाहमा अंश बुझेर सम्बन्ध विच्छेद गरेको तथ्य सार्वजनिक गरेको थियो। सोही तथ्य सार्वजनिक भएपछि जेठी र कान्छी श्रीमतीका आफन्तहरूको छलफलबाट बकसपत्र गरेर लिएको पूजाको नामको जग्गा फिर्ता गर्ने सहमति भएपछि पूजाले मालपोत कार्यालयमा पुगेर जग्गा फिर्ता गरिदिएकी हुन्।

सासू हरिमाया दाहालको नाममा रहेको सम्पत्ति २०७३ मंसिर ७ गते आफ्नो नाममा बकसपत्र गराएर श्रीमान् राजारामसँग २०७३ मंसिर ९ गते जिल्ला अदालत काभ्रेपलाञ्चोकमा दर्ता भएको सम्बन्ध विच्छेदको मुद्दा १२ गते फैसला पछि २३ दिन अर्थात् २०७३ पुस ५ गते पशुपति श्रेष्ठको साविक दक्षुटोल-१ मा रहेको कित्ता नम्बर ६७९ बाट कित्ता नम्बर ९७९ मा २ आना २ दामको जग्गा र सोही जग्गामा बनेको तीनतल्ले घर पूजाले बकसपत्र गरी लिएकी थिइन्। उक्त घरको २५ लाख ऋण भएकाले पूजाले नै सकार्ने सहमति भएको छ।

टुकुचा नाला गाविस-८ को ६६६ कित्ताबाट २०६२ साल भदौ ६ गते १ रोपनी जग्गा कमलाकै नाममा रहने सहमति भएको छ। उक्त जग्गा राजारामले पूजालाई विवाह गरेर ल्याएको ९ दिनमा बकसपत्र गरेर दिएका थिए।

२०७३ साल मंसिर २ गते कित्ता नम्बर ७३० बाट हरिभक्त दाहालले टुकुचा-८ मा रहेको ०-८-३-२ क्षेफलको अंश र सोही दिन लिएको कित्ता नम्बर ७३० बाटै छोरा राजाराम दाहालले ९६२ कित्ता नम्बर कायम हुने गरी ०-८-३-१ क्षेत्रफलको जग्गा अंशलाई कमला र पूजाकै छोराहरूको समेत नाममा जाने गरी सहमति भएको छ। सम्बन्ध विच्छेद भइसकेकाले कानुनी प्रक्रियामा कसरी पूजाको नाममा उक्त जग्गा नामसारी हुन्छ ? व्यवहारत: कसरी मिलाउने हो ? छलफल भएको छैन।

कमलाका आफन्तले सम्पत्तिका कारण पूजाले मानसिकरूपमा दबाब दिएकाले राजारामसहितका परिवारले नै सामूहिक आत्महत्या गरेकाले कारबाही र जग्गा फिर्ता नभई शव नबुझ्ने अडान राखेका थिए।

शुक्रबार बनेपाको बसपार्कमा रहेको गौतम भोजनालयमा बुबा हरिभक्त, आमा हरिमाया, छोरा राजाराम र छोरी रञ्जनाले सामूहिक आत्महत्या गरेका थिए। पूजा सम्बन्ध विच्छेद गरे पनि श्रीमान् राजारामसँगै बस्दै आएकी थिइन्। प्रहरी प्रमुख सहकुलबहादुर थापाले घटनाको अनुसन्धान भइरहेको जानकारी दिएका छन्।



# अर्थ

2017, JULY
Tuesday
25

जननिर्वाचित व्यक्ति बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुँदा संस्थागत सुशासनको पक्ष कमजोर हुने भन्दै त्यस्ता पदाधिकारीहरूले पदमा बहाल रहुन्जेल बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न राष्ट्र बैंकले रोक लगाएको हो।

# सबै तहका जनप्रतिनिधि बैंक तथा वित्तीय संस्थाको सञ्चालक बन्न नपाउने

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल राष्ट्र बैंकले सबै तहका जनप्रतिनिधिलाई बैंक तथा वित्तीय संस्थाको सञ्चालक बन्न रोक लगाएको छ। राष्ट्र बैंकले सोमबार एक निर्देशन जारी गर्दै उक्त रोक लगाएको हो।

यसअघि सांसदलाई मात्रै बैंक तथा वित्तीय संस्था ऐन (बाफिया) अनुसार बैंक तथा वित्तीय संस्थाको सञ्चालक बन्न रोक लगाए पनि सोमबारदेखि सबै तहका जनप्रतिनिधिलाई सञ्चालक बन्न रोक लगाएको हो। केन्द्रीय बैंकको उक्त निर्देशनपछि अब वडा सदस्यसमेत बैंक तथा वित्तीय संस्थाको सञ्चालकमा बस्ने पाउने छैनन्। जननिर्वाचित व्यक्ति बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुँदा संस्थागत सुशासनको पक्ष कमजोर हुने भन्दै त्यस्ता पदाधिकारीहरूले पदमा बहाल रहुन्जेल बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न राष्ट्र बैंकले रोक लगाएको हो।

राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा 'क' 'ख' 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका लागि गरिएको परिपत्रमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७३ को इ.प्रा. निर्देशन नं. ६/०७३ को बुँदा नं. १ को उपबुँदा १६ पछि देहाय बमोजिमको उपबुँदा नं. १७ थप गरिएको हुँदा सोही बमोजिम गर्न सो निर्देशन दिइएको जनाएको छ।

राष्ट्रले थप गरेको बुँदा नं. १७ मा भनिएको छ-'संघीय संरचना बमोजिम स्थानीय, प्रादेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्ति यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थामा सञ्चालक रहादा संस्थागत सुशासनको पक्ष कमजोर हुने हुँदा त्यस्ता पदाधिकारीहरूले पदमा बहाल रहुन्जेल बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पाउने छैनन्।'

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1
मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन १० जुलाई २५ २०१७

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।७२ | १०३।३२ |
| युरो १ का रु. | ११९।६९ | १२०।३९ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३३।९४ | १३४।७२ |
| स्विस फ्रन्क १ का रु. | १०८।६४ | १०९।२८ |
| अस्ट्रलियन डलर १ का रु. | ८१।७६ | ८२।२३ |
| क्यानाडियन डलर १ का रु. | ८१।९६ | ८२।४४ |
| सिङ्गापुर डलर १ का रु. | ७५।५१ | ७५।९५ |
| जापानी यन १० का रु. | ९।२८ | ९।३४ |
| चिनियाँ युआन १ का रु. | १५।२२ | १५।३१ |
| साउदी अरब रियाल १ का रु. | २७।३९ | २७।५५ |
| कतारी रियाल १ का रु. | २७।९८ | २८।१४ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०८ | ३।०९ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।९६ | २८।१३ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०१ | २४।१५ |
| दक्षिण कारियन वन १०० का रु. | ९।२२ | ९।२८ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।४७ |
| डनिस क्रानर १ का रु. | १६।०९ |
| हङकङ डलर १ का रु. | १३।१६ |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# एनआईसी एसिया बैंकद्वारा सहयोग

NIC ASIA
एन आई सी एशिया बैंक लि.

